जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२
२१ फागुन
अब 33 दिन बाँकी

वर्ष २७ •अंक २४३ • २०८२ साल माघ १७ गते शनिबार (31 January, Saturday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## गोली प्रहार गरी एक जनाको हत्या

**टुडे समाचारदाता**

सिरहा । सिरहामा गोली प्रहार गरी एक जनाको हत्या भएको छ ।

अज्ञात समूहको गोली प्रहारबाट सिरहा नगरपालिकाका ४० वर्षीय प्रेमनाथ यादवको हत्या गरेका छन् ।

सिरहा नगरपालिका-७ स्थित मैनावती खोला छेउमा शुक्रबार दिउँसो पौने ४ बजेतिर उनीमाथि गोली प्रहार भएको थियो ।

अहिले प्रहरी घटनास्थलमै रहेको र अनुसन्धान भइरहेको सिरहाका प्रहरी प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए ।

आफ्नै खेतमा ट्रैक्टरले खेत जोतिरहेको अवस्थामा अज्ञात व्यक्तिले गोली हानी उनको हत्या गरेको उनले बताए ।

खेत जोत्न गएका उनीमाथि गोली हानेर हत्या गरेको भन्ने खबर पाउनासाथ वडाध्यक्ष महेशकुमार यादवले सिरहा प्रहरीलाई खबर गरिएको उनको भनाइ छ । घटनाबारे थप अनुसन्धान भइरहेको सिरहा प्रहरीले जनाएको छ ।

घटनास्थलमा सिरहका प्रहरी उपरीक्षक वासुदेव पाठकको कमाण्डमा टोली खटाइएको थियो ।

### धनुषा कांग्रेसमा नयाँ उर्जा

# निधि र चौधरीबीच चुनावमा सघाउने सहमति, उम्मेदवारहरु उत्साहित

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसको अन्तरिक विवादलाई सुल्झाउँदै उम्मेदवारहरु उत्साहित हुन थालेका छन् । मधेश प्रदेशको राजधानी रहेको धनुषा निर्वाचन क्षेत्र नम्बर ३ मा कांग्रेसको चुलिएको विवाद समाधान भएको छ ।

कांग्रेसका उम्मेदवार रहेका पूर्वगृहमन्त्री विमलेन्द्र निधिसित असन्तुष्ट रहेका रामसरोज यादव, जीवनाथ चौधरीलगायतको समूह आमनिर्वाचनमा पार्टीको प्रतिष्ठा जोडिएकाले गाछी छापमा मतदान गर्ने प्रतिबद्धता जनाएको छ ।

नेता निधि र हामीबीच चुनावमा एकजुट भएर लाग्ने सहमति भएको जीवनाथ चौधरीले जनाएका छन् । 'आमनिर्वाचनमा सबै एकजुट भएर कांग्रेसका उम्मेदवारको पक्षमा इमान्दारीपूर्वक लाग्ने छौं' उनले भने, पार्टीको आन्तरिक असन्तुष्टिहरु थाँती राखिएको छ । त्यस सम्बन्धमा चुनावपछि छलफल हुनेछ ।

समानुपातिक उम्मेदवारको सूची दर्ताभएदेखि नीतिगत रुपमा असन्तुष्टि व्यक्त गर्दै आएका चौधरीको कारण धनुषा कांग्रेसमा घात हुने अनुमान विपक्षी दलका उम्मेदवारहरुले लगाएका थिए । उनीहरुले कांग्रेसमा चुलिएको असन्तुष्टिले चुनाव जित्नेसम्मको निष्कर्ष निकालेको बताइन्छ ।

निर्वाचन क्षेत्र नम्बर ३ मा भएको सहमतिले धनुषाको ४ वटै निर्वाचन क्षेत्रमा सकारात्मक प्रभाव देखिएको छ ।

निर्वाचन क्षेत्र नम्बर ४ मा विगतमा देखिएका असन्तुष्टिहरु मत्थर भइसकेको छ । त्यहाँ रहेको



पूर्वमन्त्री महेन्द्र यादव र डा. चन्द्रमोहन यादव दुवै हातेमालो गरी चुनाव प्रचारमा जुटेका छन् । सो क्षेत्रका प्रभावशाली युवा नेता सन्तोष यादव एमालेबाट कांग्रेसमा फर्किसकेका छन् । कांग्रेस धनुषाका सभापति योगेन्द्र पँजियारले धनुषामा कांग्रेसको जीतलाई प्रतिष्ठासित जोडेका छन् ।

कांग्रेसका धनुषा- १ मा युवा नेता रामपल्टन साह र २ मा दिनेशप्रसैला यादव रहेका छन् । धनुषा ३ मा असन्तुष्ट पक्षहरु प्रतिबद्धता देखाएसंगै १ र २ मा पनि असन्तुष्टहरु उम्मेदवारसित जोडिएको युवा पत्रकार सुरेन्द्र यादवले बताएका छन् ।

धनुषाको सहरी क्षेत्रमा हुने गतिविधिले चारै क्षेत्र प्रभावित हुने गरेको छ' नेपाली कांग्रेस धनुषाका उपसभापति गणेश झाले भने, कांग्रेसका लागि असन्तुष्टहरु समेट्नु सकारात्मक देखिएको छ ।

निर्वाचन क्षेत्र नम्बर ३ मा कांग्रेसका उम्मेदवार निधिले निवर्तमान सांसद एवं एमाले उम्मेदवार जुली कुमारी महतो र परिवर्तनको नारा लिएर आएका राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का मनिष झा प्रतिस्पर्धा गर्नुपर्ने देखिएको छ ।

प्रारम्भिक चरणमा कांग्रेस, एमाले र रास्वपाका उम्मेदवारहरुको प्रचारप्रसार अगाडि देखिएको छ । जनता समाजवादी पार्टी(जसपा) नेपालका उम्मेदवार परमेश्वर साह पनि उत्साहका साथ मैदानमा छन् । जसपा नेपाल र लोसपा नेपालबीच एकीकरण भएपछि जनकपुरधाम नगर क्षेत्रमा साहले राम्रो समर्थन पाउने बताइन्छ । उनी विगतमा प्रदेश सभा सांसदमा निर्वाचित भएका थिए ।

मधेश आन्दोलनको क्रममा नेतृत्वदायी भूमिका निर्वाह गरेका साहप्रति मतदाताको सहानुभूति रहने युवा नेता रामविनोद चौधरीले बताएका छन् । 'मधेश आन्दोलन हाँकेका साहप्रति मधेश अधिकारवादीहरुको समर्थन रहेको छ' उनले भने, मधेशीलाई अधिकार दिलाउन उनी निरन्तर लागेका छन् ।

निर्वाचन क्षेत्र नम्बर ४ मा कांग्रेसका उम्मेदवार पूर्वमन्त्री महेन्द्र यादव र एमालेका उम्मेदवार पूर्वमन्त्री रघुबीर महासेठबीचको प्रतिस्र्धामा रास्वपाका राजकिशोर महतो घण्टी लिएर इन्ट्री गरेका छन् । एमालेका अध्यक्ष केपी शर्मा ओली र नेता महेश बस्नेतको मधेशप्रतिको अभिव्यक्तिले निवर्तमान सांसद समेत रहेका महासेठलाई क्षति गर्ने बताइन्छ ।

क्षेत्र नम्बर ४ मा महासेठ र ३ मा उनकी पत्नी जुली कुमारी महतो उम्मेदवार रहेकाले विपक्षी दलका उम्मेदवारहरु त्यस मुद्दामा घेर्ने प्रयास गरिरहेका छन् । जेन- जी आन्दोलनपछि एमालेप्रतिको धारणा मतदाताहरुमा विगतको भन्दा फरक देखिएको छ ।

गत चुनावमा क्षेत्र नम्बर ४ मा झिनो मतान्तरले महासेठ निर्वाचित भएका थिए । १ सय २४ मतले महेन्द्र यादव पराजित भएका थिए ।

चुनावी मैदानमा पहिलो पटक प्रवेश गरेका महतोको घण्टी छापप्रति युवाहरुमा आकर्षण देखिएको छ । खासगरी बेंगाडाबर, तुलसी, ढल्केवर, बटेश्वरतर्फका एमालेहरु भारी संख्यामा रास्वपामा प्रवेश गरेका छन् ।

कांग्रेसको जनाधारमा कुनै कमी नआएको बताउँदै मधेश प्रदेश सांसद कुमरकान्त झाले गत चुनावको भन्दा यस पटक झन् सुदृढ भएको छ । 'गत चुनावमा दल छाडेका नेताहरु पनि फर्किसकेका छन्' उनले भने, कांग्रेसमा कयौं चुनावपछि यस प्रकारको जोश जाँगर देखिएको छ ।

# नेतालाई चुनावको चटारो, मतदातालाई खेतीपातीकै चिन्ता

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनको मिति नजिकिँदै जाँदा नेताहरुले क्रमशः रुपमा आफ्नो चुनावी गतिविधिलाई तीव्र रुपमा बढाउँदै गएको छ । नेतालाई मतदाता कहाँ पुगेर मत माग्न व्यस्त देखिएका छन् । तर नेतालाई झैं मतदातालाई भने चुनावी चटारोले छोएको पनि छैन । बरु मतदातालाई खेतीपातीकै चिन्ता छ ।



धनुषा जिल्लाका दक्षिणवर्ती क्षेत्र अवस्थित गाउँघरमा खासै चुनावी चहलपहल छैन । ग्रामीण भेगका मतदाता भने जीविकोपार्जनका लागि आफ्नो नियमित दैनिकीमै व्यस्त रहँदा निर्वाचनप्रति चासो राखेका छैनन् ।

कतिपय मतदातालाई चुनावको मितिसमेत थाहा छैन । विशेषगरी धनुषाको निर्वाचन क्षेत्र नम्बर ३ को अधिकांश ग्रामीण क्षेत्रमा मतदाता 'चुनाव त आउँछ-जान्छ, काम नगरी खान पुग्दैन' भनेर आफ्नै दैनिकीमा व्यस्त छन् ।

धनुषाको धनौजी गाउँपालिकाका लक्ष्मीरामले आफूजस्ता नागरिकलाई चुनावबारे केही जानकारी नभएको बताउँछन् । उनले विगतमा मत दिए पनि निर्वाचित जनप्रतिनिधिहरु गाउँघरसम्म डुल्न र भेटघाट गर्न नआएको गुनासो गरे ।

आफूले फागुन २१ गते चुनाव हुन्छ भन्ने सुने पनि गाउँघरमा त्यसको प्रभाव नदेखिएको स्थानीय रामकुमार साहले बताए । विगतमा झैं यसपाली पनि छलफल, गाउँको विकासको बारेमा छलफल र कसलाई भोट दिने भन्नेबारे अहिलेसम्म चर्चा अहिलेसम्म हामीलाई सहभागीसमेत नगराइने गरेको बताए ।

उनले भने, 'वडादेखि पालिका, प्रदेश सभा, प्रतिनिधि सभा चुनावमा मत हालेकै हो, जसलाई जिताए पनि हाम्रो दुःख, समस्या कम गर्ने काम कसैले गरेन । जितेपछि कसैले पनि वास्ता नै गर्दैन । बेरोजगारी र गरिबीमा बाँच्नु परेको छ ।'

नगराईन नगरपालिकाका राकेश कुमार झाले चुनाव हुन्छ भन्ने आफूहरु ढुक्क रहेको बताए । तर अहिले सम्म कुनै पनि उम्मेदवारको नामसमेत थाहा नभएको र कहिले मत माग्ने भन्ने कुरा आफूलाई थाहा हुने कुरै नभएको उनले बताए । सवारीसाधन चलाउँदै आएका चालक झाले आफूलाई राजनीतिक विषयमा धेरै जानकारी नभएको र त्यतातिर चासो राखेर पनि केही फाइदा नहुने बताए ।

उनले हरेक चुनावमा उम्मेदवारहरुले विकासका सवालमा विभिन्न आश्वासन दिए पनि जनताको जीवनस्तरमा कुनै सुधार आउन नसकेको बताए ।

पुराना दलमाथि विश्वास नभए पनि नयाँ दलमाथि विश्वास गरिहाल्ने आधार भने छैन । जनकपुरधाम उपमहानगरपालिकाका सतीश कुमार झाले भने, 'भोट माग्नेबेलामा मात्र उनीहरूले जनतालाई सम्झिने गरेका छन् ।' उनले भने, 'अहिले नै नयाँ दलमाथि विश्वास गर्ने आधार छैन, तर पनि पुराना दलले नयाँ कामहरु गर्ने वाचा गर्ने र केही हदसम्म जेन-जी पुस्ताका युवाहरुलाई उम्मेदवार बनाएर नयाँ कामको थालनी गरेको देखिन्छ ।'

जनकपुरधाम उपमहानगरपालिका-२४ स्थित बसहियाकी ४५ वर्षीय रविना राइनले पनि दलहरूप्रतिको आक्रोश व्यक्त गरिन् ।

उनले खेत बेचेर छोरीको बिहे गरेको र ऋण तिर्न नसक्दा थोरै पढाएर भए पनि छोरालाई विदेश पठाए, तर पनि एजेन्टले ठग्दो अहिले न घरको न घाटको भएको दुःखेसो पोखिन् ।

उनले देशमै रोजगार भएको भए छोरालाई विदेश पठाउनुपर्ने अवस्था नै हुँदैनथ्यो, तर नेताहरुले चुनावी भाषणमा ठूल्ठूला कुरा गरे पनि फ्री भिसा भनेर भने पनि हामीले ऋण काढेर नै छोरालाई विदेश पठाउँदासमेत नेताहरुका मान्छेले नै ठग्ने गरेको गुनासो गरिन् ।

उनले निर्वाचन जहिले भए पनि आफूहरूलाई दिनहुँ आइपर्ने समस्या र घरका कामबाट फुर्सद नहुने गरेको बताइन् ।

धनुषा क्षेत्र नम्बर ४ अन्तर्गतको क्षीरेश्वरनाथ नगरपालिका- ५ का रामउद्गार मुखियाले रोजगारीको अवसर नहुँदा जीविकोपार्जनमै साह्रै समस्या हुने गरेको बताए । तरकारीवाली गरेरै घरपरिवार चलाउने गर्दै आए पनि अहिले निकै समस्या भएको बताए । बेमौसमी पानी पर्दा लाखौं रुपैयाँ लगानी गरेर लगाइएको तरकारी वालीमा क्षति पुगेपछि कुनै नेताले पनि खोजी नीति नगरेको गुनासो गरे । उनले आफूहरुलाई चुनावभन्दा पनि जीविकोपार्जनले नै सताउने गरेको बताए ।

सरकारले युवाका लागि न काम दिएको छ, न बाहिर जान सहयोग गरेको भन्दै उनले असन्तुष्टि व्यक्त गरे ।

त्यस्तै धनुषा क्षेत्र नम्बर २ का शहीदनगर नगरपालिकाका सुनिल यादवले परम्परागत सोचबाट मतदाता पनि माथि उठिसकेको बताए । उनले बेथिति, भ्रष्टाचारका कारण मुलुकको विकास हुन नसकेको बताए । उनले पटक-पटक परीक्षण भएर पनि देश र जनताका लागि काम गर्न नसकेकालाई अब मौका दिन नहुने बताए ।

मधेश प्रदेशको अधिकांश जिल्लाबाट वैदेशिक रोजगारीमा थुप्रै युवा विदेश पुगेको चौधरीले बताए । 'दिनहुँजसो विदेशबाट कसै न कसैको लास आइरहेको हुन्छ ।'

देशमै रोजगारीको व्यवस्था भएमा कसैलाई पनि विदेश जाने रहर नहुने उनको भनाइ छ ।

यसपटकको चुनावमा मत माग्न आउने उम्मेदवारसंग अब नमस्कार नभइ, सबै समस्याका बारेमा प्रश्न सोध्ने र समाधानका लागि उनीहरुले तत्कालै पहलकदमी लिनुपर्ने खालका नेताहरुको जरुरी रहेको बताए । हामीलाई गफ होइन काम गर्ने नेताको खाँचो रहेको उनले औल्याए ।


जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गरौं



कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं




आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री नजिक नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय–समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं र सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं



गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं



गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं

गिजर प्रयोग गरेर नुहाउँदा सम्भव भएसम्म बाथरुमको झ्याल बन्द नगरौं

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

PLAN INTERNATIONAL
Until we are all equal

# मूल्य विश्लेषण प्रतिवेदन सार्वजनिक, खाद्य वस्तुको मूल्यमा उतारचढाव

काठमाण्डु । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गत पुस महिनाको मूल्य विश्लेषण प्रतिवेदन सार्वजनिक गरेको छ ।

बजार मूल्यसँग सम्बन्धित तथ्याङ्क नै मूल्य तथ्याङ्क भएको स्पष्ट पार्दै विभागले विभिन्न पाँचवटा कार्यालयमार्फत सङ्कलन गरिएको विवरण सार्वजनिक गरेको हो । गत पुसमा बजार मूल्यमा सामान्य उतारचढाव भएको विभागले उल्लेख गरेको छ ।आगामी दिनमा मूल्य स्थिरता कायम गरी सोहीअनुसारको विकल्पको विकास गर्न सरकारी संस्थानहरूलाई सक्षम बनाउनुपर्ने, तरकारी, फलफूलगायत खाद्यान्नको उत्पादन मूल्यभन्दा बिचौलियाले गर्दा मूल्यमा उतारचढाव भएको प्रतिवेदनमा स्पष्ट पारिएको छ ।

यस्ता प्रवृत्तिको निरुत्साहन गर्न व्यापारका विकल्पहरु संस्थान, सहकारी, व्यापारिक सञ्जाल, साझेदारीजस्ता पद्धतिको विकास गर्नु आवश्यक रहेको ठहर लगाउने उद्देश्यका साथ अध्ययन गरेको थियो ।

विभागका अनुसार विभिन्न सहरमा सोना मन्सुली, स्टिम जिरा, जनरल जिरा र मोटा चमलको मूल्यमा सामान्य उतारचढाव आएको देखिन्छ । मङ्सिरको तुलनामा गत पुसमा सोना मन्सुली चामलको मूल्य घटेको र वास्मती चामलको मूल्य बढेको देखिन्छ भने अन्य चामलको मूल्यमा सामान्य उतारचढाव आएको देखिन्छ ।यस्तै, दालको मूल्यमा केही वृद्धि भएको देखिन्छ । गेडागुडीको मूल्यमा सामान्य परिवर्तन आएको, राज्मा सिमीको मूल्यमा भने मध्यम उतारचढाव भएको पाइएको छ । तरकारी तथा मसलाको औसत मूल्यमा मध्यम उतारचढाव भएको तथा आलु, काउली र प्याजमा सामान्य परिवर्तन भएको भए पनि अदुवा, गोलभैंडा, लसुन सुकेको र खुर्सानी सुकेको जस्ता मसलाजन्य खाद्यवस्तुमा ठूलो मात्रामा उतारचढाव भएको अध्ययनमा देखिएको छ ।

स्याउ, अनारलगायत फलफूलको



गरिएको छ । मूल्य नियन्त्रणका लागि वस्तुको उत्पादनलाई बढावा दिने, वितरणकारी तहहरू कम गर्ने, आपूर्ति व्यवस्थापन प्रभावकारी बनाउने, बिचौलियाले मूल्यवृद्धि गर्ने प्रवृत्तिलाई अन्त्य गर्नुपर्ने विभागको सुझाव छ ।यस्तै, सिन्डिकेट र कार्टेलिङको अन्त्य गरी स्वच्छ प्रतिस्पर्धी बजारको निर्माण गर्ने र नियमित रूपमा बजारको अनुमगन गर्नुपर्ने अध्ययनको सुझाव छ । विभागले विराटनगर, वीरगन्ज, भैरहवा, नेपालगन्ज, धनगढी र काठमाडौं कार्यालयमार्फत खाद्य वस्तु तथा अन्य उपभोग्य सामग्रीको न्यूनतम र अधिकतम मूल्य पत्ता मूल्यमा असामान्य उतारचढाव देखिनुले विभिन्न सहरको फलफूलको मूल्यमा सोही अनुपातमा परिवर्तन भएको पाइएको छ । माछा, मासु र अण्डाको औसत मूल्यमा सामान्य परिवर्तन आएको पाइएको छ । विभिन्न सहरको तुलनामा खसी, ब्रोइलर, अण्डा र माछालगायतका मूल्यमा सामान्यदेखि मध्यम उतारचढाव भएको अध्ययनमा पाइएको छ ।

समग्र बजारको अवस्था विश्लेषण गर्दा उपभोग्य फलफूल तथा तरकारीको मूल्यमा सामान्य परिवर्तन भएता पनि घिउसिमी हाइब्रिड, परवर, काँक्रो हाइब्रिड, घिउसिमी, लोकल कुरिलोलगायत तरकारीको मूल्यमा छ । रासस

## अर्थ मन्त्रालयको दोस्रो त्रैमासिक कार्यप्रगतिः

# पुँजीगत खर्च घट्यो, राजस्वमा डेढ खर्बको खाडल

काठमाण्डु । अर्थ मन्त्रालयले चालु आर्थिक वर्ष २०८/८३ को दोस्रो त्रैमासमा सम्पन्न गरेका कामकारबाही र उपलब्धि सार्वजनिक गरेको छ ।

मन्त्रालयले बजेट कार्यान्वयन, राजस्व व्यवस्थापन, कानुनी सुधार, वित्तीय सङ्घीयता, वित्तीय क्षेत्र सुधार, योजना-अनुगमन र प्रशासनिक व्यवस्थापनसम्बन्धी विस्तृत प्रगति विवरण सार्वजनिक गर्दै राज्यकोष व्यवस्थापन, निर्वाचन खर्च, राजस्व प्रशासन सुदृढीकरण तथा सुशासन प्रवर्द्धनमा केन्द्रित प्रयास अघि बढाएको जनाएको छ ।

मन्त्रालयका अनुसार पुस मसान्तसम्ममा वार्षिक लक्ष्यको ४६ दशमलव ०६ प्रतिशत बजेट खर्च भएको छ । यो गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १० दशमलव ७५ प्रतिशतले बढी हो ।

चालु आवका लागि सरकारले रू १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट विनियोजन गरेकामा पुस मसान्तसम्म रू नौ खर्ब चार अर्ब ६४ करोड ४३ लाख खर्च भएको छ । चालु शीर्षकमा रू ११ खर्ब ८० अर्ब ९८ करोड विनियोजन भएकामा ४० दशमलव ८२ प्रतिशत अर्थात् रू चार खर्ब ८२ अर्ब १० करोड ८० लाख र पुँजीगत शीर्षकमा रू चार खर्ब सात अर्ब ८८ करोड ८० लाख विनियोजन भएकामा ११ दशमलव ६६ प्रतिशत अर्थात् रू ४७ अर्ब ५४ करोड ४० लाख खर्च भएको जनाइएको छ ।

गत आवको तुलनामा यस अवधिको कुल चालु खर्च तीन दशमलव ३५ प्रतिशतले वृद्धि भएको छ भने पुँजीगत खर्च चार दशमलव ८६ प्रतिशतले घटेको छ । यस्तै, वित्तीय व्यवस्थातर्फको खर्च ५३ दशमलव २९ प्रतिशतले बढेको मन्त्रालयको प्रतिवेदनमा उल्लेख छ ।

विवरणअनुसार पुँजीगत खर्चमा कमजोर मात्र नभई राजस्व सङ्कलनमा पनि ठूलो चाप देखिएको छ । चालु आवका लागि सरकारले कुल रू १४ खर्ब ४० अर्बको राजस्व उठाउने लक्ष्य राखेको छ भने पुस मसान्तसम्ममा रू सात खर्ब ११ अर्ब २० करोड ७९ लाख राजस्व उठाउने भनिएको थियो, तर यस अवधिमा रू पाँच खर्ब ८१ अर्ब ४० करोड ७२



लाख बराबर मात्रै राजस्व उठेको छ । जुन लक्ष्यभन्दा रू एक खर्ब २९ अर्ब ८० करोड कम हो ।

यस्तै, बेरुजु फछ्र्यौटमा पनि अर्थ मन्त्रालय कमजोर देखिएको छ । मन्त्रालयको कुल रू एक खर्ब २५ अर्ब बेरुजु रहेकामा यस अवधिमा रू आठ अर्ब मात्र फछ्र्यौट भई रू एक खर्ब १७ अर्ब कायम भएको प्रगति प्रतिवेदनमा उल्लेख छ । जुन छ दशमलव चार प्रतिशतको प्रगति हो ।

प्रतिनिधिसभा र राष्ट्रियसभ निर्वाचन व्यवस्थापनमा केन्द्रित स्रोत सहमति र निकासालाई मन्त्रालयले प्राथमिकता दिएको देखिन्छ । आगामी फागुन २१ का लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगलाई गत कात्तिक १८ मा रू चार अर्ब ९६ करोड ६६ लाख र गत मङ्सिर २० मा थप रू एक अर्ब ७७ करोड ९० हजार गरी कुल रू छ अर्ब ७३ करोड ६६ लाख ९० हजार बराबरको स्रोत सहमति प्रदान गरिएको छ ।

यसैगरी, राष्ट्रिय अनुसन्धान विभागलाई रू दुई करोड ८० लाख र नेपाली सेनालाई सुरक्षा उपकरण खरिदका लागि रू चार करोड ४२ लाख ५० हजार बराबर स्रोत सहमति दिइएको छ । गृह मन्त्रालय तथा अन्तर्गतका निकायलाई प्रतिनिधिसभा निर्वाचनका लागि रू १० अर्ब ३९ करोड ३४ लाख ८० हजार बराबरको स्रोत सहमति प्रदान गरिएको छ भने नेपाली सेनालाई निर्वाचनकै लागि चालु खर्चतर्फ रू एक अर्ब ९४ करोड ६८ लाख ५५ हजारको स्रोत सहमति दिइएको छ ।

यस्तै, राष्ट्रियसभा सदस्य पदको निर्वाचनका लागि निर्वाचन आयोगलाई रू चार करोड ३१ लाख ७९ हजार स्रोत सहमति प्रदान भई उक्त रकम निकासासमेत भइसकेको छ । प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन आयोगलाई गत पुस मसान्तसम्ममा कूल रू छ अर्ब ३१ करोड निकासा गरिएको मन्त्रालयले जनाएको छ ।

राजस्व व्यवस्थापनतर्फ सबै भन्सार कार्यालयमा 'ग्याट भ्यालुएसन' प्रणालीको पूर्ण पालना सुनिश्चित गर्न अनलाइन मूल्याङ्कन प्रणाली प्रारम्भ गरिएको जनाइएको छ । यस अवधिमा नेपाल-मौरिसस दोहोरो करमुक्ति सम्झौतासम्बन्धी विवाद समाधान गर्दै डोल्मा इम्प्याक्ट फण्डको पुँजीगत लाभमा करकट्टीको द्विविधा सम्बोधन गरिएको छ ।

यसैगरी, नेपाल-मौरिससबीचको दोहोरो करमुक्ति सम्झौता खारेज गरिएको र आयकर ऐन, २०५८ लागू हुनुअघि सम्पन्न सम्झौताबारे कूटनीतिक माध्यमबाट जानकारी गराइएको जनाइएको छ ।भन्सार ऐन, २०८२ कार्यान्वयनमा ल्याइँदै भन्सार नियमावली, २०८२ को मस्यौदा कानुन मन्त्रालयमा पठाइएको छ । भन्सार व्यवस्थापन गोष्ठी सम्पन्न गर्नुका साथै उच्चस्तरीय केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको मासिक बैठकमार्फत राजस्व चुहावट नियन्त्रणमा बहुपक्षीय समन्वय गरिएको छ ।

सेवा प्रवाहमा गुनासो व्यवस्थापन प्रणाली विकास गरिएको तथा हेलो सरकारलगायत माध्यमबाट प्राप्त गुनासो निरन्तर सम्बोधन गरिएको मन्त्रालयले जनाएको छ । यस्तै, गैरकर राजस्वका दर परिमार्जनमा विभिन्न निकायलाई सहमति प्रदान गरिएको छ । सार्वजनिक सेवा प्रवाहका कागजातमा आय टिकटको सट्टा हुलाक टिकट टाँस्ने व्यवस्था हटाइएको छ । सिरहाको रामकुमार शारदा उमाप्रसाद मुरारका अस्पतालको व्यक्तिका नाममा रहेको जग्गा निःशुल्क हस्तान्तरणका लागि पुँजीगत लाभकर छुट दिने निर्णय पनि यस अवधिको भएको प्रतिवेदनमा जनाइएको छ ।

कानुन तथा फैसला कार्यान्वयनतर्फ वैकल्पिक विकास वित्त परिचालन ऐन, २०८१ सङ्घीय संसद्मा दर्ता गराएको छ । भुक्तानी तथा फछ्र्यौट ऐन संशोधन, भन्सार नियमावली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, बहुवर्षीय आयोजनाको स्रोत सहमति मापदण्ड र सम्पत्ति शुद्धीकरण निवारण नियमावली स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशित गरिएका छन् ।

यसैगरी मन्त्रालय विपक्षी भएका विभिन्न ५८ वटा रिट निवेदनमा लिखित जवाफ तयारी र प्रतिरक्षा गरिएको जनाइएको छ । एमसिसी कम्प्याक्टअन्तर्गतका कम्पनीलाई आयकर छुट, विभिन्न राजस्व छुटसम्बन्धी सूचना, नगद कारोबार सीमा निर्धारण, विदेशी मुद्रा निकासी-पैठारी प्रतिबन्धलगायत सूचना नेपाल राजपत्रमार्फत सार्वजनिक गरिएको र अदालतका २६ वटा आदेश तथा फैसलाको कार्यान्वयनका लागि सम्बन्धित निकायमा पत्राचार गरिएको जनाइएको छ ।

वित्तीय सङ्घीयता सुदृढीकरणतर्फ तेस्रो राष्ट्रिय सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति कार्यान्वयनका लागि सबै तहका सरकारलाई पत्राचार गरिएको छ । अनुत्पादक खर्च कटौती, मितव्ययिता र आयोजना पुनःप्राथमिकीकरणसम्बन्धी मन्त्रिपरिषद् निर्णय स्थानीय तहसम्म कार्यान्वयनका लागि पठाइएको छ भने अन्तरसरकारी वित्त परिषद्को बैठकबाट २३ वटा निर्णय कार्यान्वयनका लागि पठाइएका छन् ।

यसैगरी, अर्थ मन्त्रालयले पछिल्लो छ महिनामा संविधानविपरीत स्थानीय तहले ढुवानीमा कर असुल नगर्न निर्देशन दिएको छ भने प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट परिमार्जनसम्बन्धी प्रस्तावमा छलफल गरेको छ । सार्वजनिक वित्तीय व्यवस्थापन सुधार निर्देशिका संशोधन र निर्देशक समितिको बैठक सम्पन्न गरेको छ ।

वित्तीय क्षेत्र विकास रणनीति २०८२/८३-२०८६/८७ मन्त्रिपरिषद्बाट स्वीकृत भएको छ । पाँच लाख रुपैयाँभन्दा माथिको नगद कारोबारमा प्रतिबन्ध, भारतीय मुद्रा आवतजावत सीमा परिमार्जन, नेप्से पुनःसंरचना समिति गठन, पुँजी बजार सुधार प्रतिवेदन कार्यान्वयन, सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानबापत रू नौ अर्ब ८० करोड निकासाजस्ता निर्णय कार्यान्वयनमा आएको प्रतिवेदनमा उल्लेख छ ।

यस्तै, विगुल र हेलो सरकारमार्फत प्राप्त ९१ गुनासो फछ्र्यौट गरिएको, वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको मासिक प्रगति प्रणालीमा अद्यावधिक गरिएको, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणबाट ३२३ दरबन्दी कटौती भई २२ करोड बराबर दायित्व बचत र बेरुजु फछ्र्यौटमा ६ दशमलव ४ प्रतिशत प्रगति देखिएको मन्त्रालयले जनाएको छ ।रासस

# 'जो कोहीलाई उत्साहित बनाउने फास्ट ट्र्याकको प्रगति'

लेनडाँडा । देशको राष्ट्रिय गौरवका आयोजनामध्ये सर्वाधिक प्राथमिकताप्राप्त काठमाडौं-तराई/मधेस द्रूतमार्ग (फाष्ट ट्र्याक) निर्माणको प्रगति ४५ प्रतिशत पुगेको छ । नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको उक्त आयोजनाको हाल समष्टिगत भौतिक प्रगति ४५.१६ र वित्तीय प्रगति ४५.३३ रहेको छ ।आयोजनाअन्तर्गतका महादेवडाँडा, धेद्रे, लेनडाँडा, चन्द्रामभिर, देवीचौर, सिसौटार र मौरीभिरमा बनाइने सातमध्ये पाँचवटा सुरुङ निर्माणाधीन छन् । हालसम्म मकवानपुरको धेद्रे तथा लेनडाँडाका (दुईतर्फी) चारवटा सुरुङ (ब्रेक-थ्रु) भइसकेको नेपाली सेना सडक निर्माण आयोजना कार्यदलले जनाएको छ ।

सेनाका अनुसार चालु आर्थिक वर्षको अन्त्य सम्ममा थप दुई जोडी सुरुङ ब्रेक-थ्रु हुनेगरी काम अघि बढाइएको छ । ती सबै सुरुङको कुल लम्बाइ १०.९७९ किमी छ । ललितपुरको खोकनादेखि सुरु भई काठमाडौं, मकवानपुर हुँदै बाराको निजगढस्थित पूर्वपश्चिम राजमार्गमा जोडिने कुल ७०.९७७ किमी लम्बाइको उक्त द्रूतमार्ग पहाडी क्षेत्रमा २५ र तराईमा २७ मिटर चौडाइको हुनेछ । आयोजनाअन्तर्गत ललितपुरमा नौ, काठमाडौंमा ४.६, मकवानपुरमा ४९.७ र बारामा ७.६ किलोमिटर सडक निर्माण हुनेछ ।

द्रूतमार्गअर्न्तगत साना तथा ठूला गरी ८९ वटा पुल निर्माण हुनेछन् । हालसम्म काठमाडौंको धरहराभन्दा अग्ला ८२ मिटरसम्म उचाइका विशेष प्रकृतिसहित १३ स्थानका पुल निर्माण सम्पन्न भइसकेको छ । आयोजनाअन्तर्गत ८५ स्थानका पुल ठेक्का व्यवस्थापन भई कार्यान्वयनमा रहेको नेपाली सेनाका प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेतले जानकारी दिनुभयो ।

कार्यदलका अनुसार बाँकी चार स्थानका पुलका लागि जग्गा अधिग्रहणसम्बन्धी समस्या रहेको आयोजना कार्यदलले जनाएको छ । निर्माणाधीन पुलमध्ये ५४ वटाको फाउन्डेसन र ३४ स्थानका पुलको सबस्टक्चर सम्पन्न भएको छ । विशिष्ट प्रकृतिका त्यस्ता पुलहरु एकैसाथ धमाधम निर्माण भइरहेकाले निर्धारित



मितिमै आयोजना सम्पन्न हुने सुनिश्चित भएको सेनाले जनाएको छ । चालु आर्थिक वर्षको अन्त्यसम्म १५ स्थानका पुल निर्माण सम्पन्न हुने जनाइएको छ । ती सबै पुलको कुल लम्बाइमात्रै पनि १२.८८५ किमीभन्दा बढी हुनेछ । आयोजनाअन्तर्गत ११ किमी सडकको सबवेस तथा सर्भिस लेनमा पाँच किलोमिटर सडक कालोपत्र गरिसकिएको छ ।

द्रूतमार्गको निजगढ क्षेत्रमा टोल प्लाजा भवन निर्माण भएको तथा इन्टरचेन्जको कार्य भइरहेको जनाइएको छ । त्यस्ता इन्टरचेन्ज खोकना, बुदुने र निजगढमा रहनेछ । आयोजनाका लागि आवश्यक पर्ने १५ हजार ४१६ रोपनीमध्ये खोकना क्षेत्रमा बाहेक अन्य क्षेत्रको जग्गा अधिग्रहण यसअघि नै भइसकेका छन् । राजधानीलाई छोटो दूरीमा तराईसँग जोड्ने 'एसियन हाइवे स्टयाण्डर्ड'को रणनीतिक महत्वको यो देशकै पहिलो द्रूतमार्ग हो ।

फास्ट ट्र्याक निर्माणको प्रारम्भिक अनुमानित लागत रु दुई खर्ब १३ अर्ब रहेको छ । आयोजना २०८३ चैत मसान्तभित्र पूरा गर्ने लक्ष्यका साथ काम भइरहेको सेनाले जनाएको छ ।द्रूतमार्गको निर्माणपछि राजधानीसँगको यात्रालाई छोटो र ढुवानीलाई सहज बनाउँदै मुलुकको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुर्याउने अपेक्षा गरिएको छ । उक्त आयोजना पूरा भएपछि करिब एक घण्टामा काठमाडौंबाट मध्यतराई पुग्न सकिने छ ।

द्रूतमार्ग निर्माणमा हालसम्म प्राप्त प्रगति अवलोकन गर्न आउने जोकेहीलाई पनि उत्साह प्रदान गर्ने गरेको छ । मुलुकको आर्थिक विकासमा दीर्घकालीन योगदान पुर्याउने एउटा रूपन्तरणकारी आयोजनाका रूप्मा द्रूतमार्गलाई हेरिएको छ ।यसैबीच, प्रधानमन्त्री सुशीला कार्कीले मङ्गलबार यस आयोजनाको स्थलगत निरीक्षण गरी स्थानीयको भावनाअनुरूप् धार्मिक विश्वास र सांस्कृतिक सम्पदालाई असर नपुर्याउने गरी आयोजनालाई तीव्र रूप्मा अघि बढाउन निर्देशन दिनुभएको थियो ।

सुरुआती चरणमा द्रूतमार्गको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) स्वीकृतमा ढिलाइका कारण कार्य प्रारम्भ प्रभावित भएको थियो । रासस

# अमेरिकामा आउने नेपालीहरूले विधिसम्मत क्रियाकलाप गर्न दूतावासको अपिल

वाशिङ्टन डिसी । अमेरिकामा विभिन्न तरिकाले बसोबास गर्दै आएका नेपालीहरूले अमेरिकाको कानुन र विधिसम्मत गतिविधि गर्न यहाँस्थित राजदूतावासले अपिल गरेको छ ।

बिहीबार एक सार्वजनिक सूचना प्रकाशित गर्दै दूतावासले अध्ययन, भ्रमण, रोजगारी, व्यवसाय तथा परिवार वा आफन्त भेटघाट इत्यादिका सिलसिलामा संयुक्त राज्य अमेरिकामा रहेका कुनै विदेशी नागरिक अमेरिकामा रहँदा अवैधानिक तवरले वा गलत सूचना वा विवरण पेस गरी अमेरिकी सरकारले आफ्ना नागरिकहरूका लागि उपलब्ध गराउने गरेको सहुलियत नलिन समेत अपिल गरेको छ ।

दूतावासले प्रकाशित गरेको विज्ञप्तिमा भनिएको छ, "अमेरिकी सरकारले आफ्ना नागरिकका लागि उपलब्ध गराउने गरेको सहुलियतपूर्ण स्वास्थ्योपचार सुविधा, आवास सुविधा, परिवार सहायता, शैक्षिक सहायताजस्ता कुनै पनि सुविधा वा सहायतामाथि निर्भर भए/गरेको पाइएमा त्यस्तो कार्यमा संलग्न व्यक्तिको भिसा वा ग्रिनकार्ड स्टाटसमा सोझै असर पर्ने र रद्दसमेत हुने जानकारी सम्बन्धित अमेरिकी अधिकारीहरूबाट प्राप्त भएको छ ।"

विज्ञप्तिमा दूतावासले अमेरिका आएका नेपालीहरूमध्ये सन् २०२४ मात्र नेपाली नागरिकहरू अमेरिकी सरकारका सहुलियतपूर्ण सेवा लिनेहरूको माथिल्लो सूचीमा रहेका पाइएकाले नेपालीका लागि हाललाई आप्रवासी भिसा बन्द गरेको सम्बन्धमा अमेरिकाले सार्वजनिक सूचना नै जारी गरेको स्मरण गराइएको छ ।

विज्ञप्तिमा विभिन्न उद्देश्यले संयुक्त राज्य अमेरिकामा रहनुभएका नेपाली नागरिकले यहाँ रहँदा गैरकानुनी तवरले वा गलत सूचना वा विवरण पेस गरी सहुलियतपूण गरिएको छ । रासस

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आज निर्णय लिनुअघि एकपटक मन शान्त पार्नुस् । |
| वृष : | आज तपाईको धैर्यताको परीक्षा हुन सक्छ । |
| मिथुन : | आज विचार धेरै आउँछन्, तर सबै भन्नुपर्छ भन्ने छैन । |
| कर्कट : | मन अलि संवेदनशील रहने दिन हो । परिवारको जिम्मेवारी बढ्न सक्छ । |
| सिंह : | आज आत्मविश्वास बलियो रहनेछ । |
| कन्या : | सानो कुरामा धेरै नसोच्नुहोस् । कामको बोझ बढ्न सक्छ । |
| तुला : | काम र व्यक्तिगत जीवन दुवैमा ध्यान चाहिन्छ । |
| वृश्चिक : | आज गोप्य योजना बनाउने समय हो । काममा धैर्य आवश्यक छ । |
| धनु : | यात्राको सम्भावना देखिन्छ । काममा उत्साह बढ्नेछ । |
| मकर : | काममा ढिलाइ भए पनि परिणाम राम्रो हुन्छ । |
| कुम्भ: | आज फरक सोचले अरुलाई प्रभावित पार्न सक्नुहुन्छ । |
| मीन : | आर्थिक पक्ष सुधार हुने संकेत छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सुदूरपश्चिममा 'बालेन' को मौन चुनावी अभियान



महेन्द्रनगर । कैलालीको लम्कीबाट आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको चुनावी अभियान थालेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) ले सुदूरपश्चिमको चुनावी अभियान शुक्रबार सकेका छन् ।

सुदूरपश्चिम प्रदेशका तराईका दुई जिल्ला कैलाली र कञ्चनपुरका साथै सात पहाडी जिल्लाको पार्टीको चुनावी अभियान भ्याएका वरिष्ठ नेता बालेनले समर्थक एवं पार्टीका नेता तथा कार्यकर्ताहरूलाई विना कुनै सम्बोधन मौन अभियान सञ्चालन गरेका हुन् ।

जिल्लाका रहेका पार्टी कार्यालय र उम्मेदवारहरूका चुनावी सम्पर्क कार्यालयमा घण्टी बजाउँदै सर्मथकहरू माझ उपस्थित भए पनि उहाँले कुनै पनि कार्यक्रममा सम्बोधन गर्नुभएन । राष्ट्रिय स्वतन्त्र पार्टीले भावी प्रधानमन्त्रीका रूपमा अघि सारेका नेता बालेनले चार दिनअघि कैलाली निर्वाचन क्षेत्र नं २ लम्कीबाट सुदूरपश्चिमको चुनावी अभियान थालेका थिए । कैलाली-२ बाट रास्वपाले युवा नेता केपी खनाललाई प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनाएको छ । खनाल रास्वपाभित्र बालेन निकट युवा नेताका रूपमा चिनिन्छन् ।

चुनावी अभियानका क्रममा आफ्नो पार्टीका उम्मेदवारहरूसित भलाकुसारी र सामान्य छलफल गरे पनि सार्वजनिक मञ्चबाट भाषणबाजी नगरे पनि यात्राका क्रममा उहाँले डोट्याली भाषामा स्टाटस लेख्दै फोटो सामाजिक सञ्जालमा पोष्ट गर्दै हिड्नुभयो ।लम्कीपछि धनगढी हुँदै कञ्चनपुरको निर्वाचन क्षेत्र नं १ को पुनर्बास पुगेका शाहले सोही दिन कञ्चनपुरको शुक्लाफाँटा र महेन्द्रनगरमा रहेको पार्टी कार्यालय पुगेर घण्टी बजाउने र शुभेच्छुक माझ प्रस्तुत हुनुभयो । यो क्रममा शाहले डडेल्धुराको प्रसिद्ध बाजेको खीरको स्वाद लिनेदेखि हिँउसित फोटो खिच्नुका साथै विभिन्न स्थानको अवलोकन गरेको तस्बीर सामाजिक सञ्जालमार्फत भाइरल भए ।

अभियानकै क्रममा सुदूरपश्चिमको पहाडी जिल्ला डडेल्धुरा, बैतडी, दार्चुला, बझाङ, बाजुरा, अछाम र डोटीका विभिन्न स्थानमा चुनावी अभियान सकेर शुक्रबार बालेनको टिम कर्णालीतर्फ प्रस्थान गरेको राष्ट्रिय स्वतन्त्र पार्टीका नेता हरिश भट्टले जानकारी दिनुभयो ।"बालेन अहिले कालिकोटको मान्म पुग्नुभएको छ", रास्वपाका समानुपातिकतर्फ प्रतिनिधिसभा सदस्य उम्मेदवार भट्टले भन्नुभयो, "अब चाँडै पार्टीले प्रदेश सरकारका चुनावी सभा आयोजना गर्दा पार्टीका शीर्ष नेताहरूले सम्बोधन गर्नुहुनेछ ।"

नेता भट्टका अनुसार सुदूरपश्चिमभ्रमणकाक्रममावरिष्ठ नेता बालेनले पार्टीका उम्मेदवार हरूसित स्थानीयस्तरमा विद्यमान समस्या, मतदाता र पार्टीको अवस्थाबारे जानकारी लिने गरेका थिए । "उम्मेदवारहरूसित छोटोमा छलफल गर्नुभयो", भट्टले भन्नुभयो, "बालेनको सुदूरपश्चिम भ्रमणले उत्साह जगाएको छ ।" उहाँले निर्वाचन आचारसंहितालाई ख्याल गरेर सम्बोधन नगरिएको बताउनुभयो । जिल्लाहरूमा छोटो भेटघाट र यात्राका क्रममा बाटोमा भेटिएका सर्मथकहरूसित हार्दिकता साटेर उहाँ कर्णालीको यात्रामा रहेको भट्टको भनाइ छ ।

बालेनको सुदूर यात्रामा उहाँप्रतिको क्रेज अत्यधिक देखिएको रास्वपाका नेताहरूले बताएका छन् ।रासस

# चुनावी प्रतिस्पर्धामा महिला उम्मेदवार : दलभन्दा स्वतन्त्र उम्मेदवार बढी

जनकपुरधाम । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फ उम्मेदवारी दिएका दलित, आदिवासी, मधेसी र मुस्लिम महिला चुनावी चर्चा, परिचर्चाभन्दा बाहिर रहेका छन् । अधिकांशले स्वतन्त्र तथा साना दलबाट उम्मेदवारी दिएका कारण उनीहरु चर्चामा छैनन् । सञ्चारमाध्यममा पनि मधेसी महिला उम्मेदवारहरुले स्थान पाउन नसकेको गुनासो छ ।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि प्रत्यक्षतर्फ कूल ३८८ महिलाले उम्मेदवारी दिएका छन् । तीमध्ये १५७ जनाले स्वतन्त्र उम्मेदवारी दिएका छन् । यसैगरी मधेस प्रदेशबाट ६८ जना स्वतन्त्रसहित ११० जना महिला उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् । मधेस प्रदेशका आठ जिल्लामा ३२ निर्वाचन क्षेत्र छन् । तीमध्ये पर्सामा सात जना स्वतन्त्रसहित १२, बारामा १० जना स्वतन्त्रसहित १६, रौतहटमा नौ जना स्वतन्त्रसहित १३, सर्लाहीमा तीन जना स्वतन्त्रसहित ११, महोत्तरीमा ११ जना स्वतन्त्रसहित १९, धनुषामा १२ जना स्वतन्त्रसहित १५, सिरहामा पाँच जना स्वतन्त्रसहित आठ र सप्तरीमा ११ जना स्वतन्त्रसहित २० जनाले उम्मेदवारी दिएर चुनावी मैदानमा ओर्लिएका छन् । यसरी यस प्रदेशमा सबैभन्दा बढी महिला उम्मेदवार सप्तरीबाट २० जना र सबैभन्दा कम सर्लाहीबाट आठजना छन् ।

मधेस प्रदेशमा प्रतिनिधिसभाका ३२ सिटमध्ये नेपाली काँग्रेसले दुई जना महिलालाई उम्मेदवार बनाएको छ । तीमध्ये सिरहा-४ मा चन्द्रकला यादव र महोत्तरी-२ मा किरण यादव रहेका छन् । त्यस्तै नेकपा (एमाले) तीन जना महिलालाई उम्मेदवार बनाएको छ । मधेसबाट एमालले उम्मेदवार बनाएका महिलाहरुमा पर्सा-१ मा रिमाकुमारी यादव, बारा-३ मा ज्वालाकुमारी साह र धनुषा-३ मा जुलीकुमारी महतो छन् । यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीबाट सप्तरी-१ मा पुष्पा चौधरी, धनुषा-१ मा किशोरी साह, महोत्तरी-४ मा गौरीकुमारी यादव र सर्लाही-१ मा नितिमा कार्की (भण्डारी) गरी चार जना महिलालाई उम्मेदवार बनाएका छन् ।

नेपाली कम्युनिष्ट पार्टीले दुई जना महिलालाई उम्मेदवार बनाएका छन् । तीमध्ये रौतहट-३ मा पुनम देवी र सप्तरी-४ मा रुबीकुमारी कर्ण रहेका छन् भने जनमत पार्टीले पर्सा-३ बाट मालती कुशवाहा र ४ बाट सीमा कलवारलाई उम्मेदवार बनाएर चुनावी प्रतिस्पर्धामा ओर्लिएका छन् । यसैगरी यो प्रदेशमा सबैभन्दा बढी नेपाल मजदुर किसान पार्टीले पाँच जना महिलालाई उम्मेदवार बनाएको छ । तीमध्ये रौतहट-३ बाट रेखा पटेल, सर्लाही-३ बाट रमा कोइराला, सप्तरी-२ बाट नीलमकुमारी यादव, धनुषा-३ बाट गङ्गालक्ष्मी वैद्य र महोत्तरी-१ बाट कृष्णश्वरी मानन्धर रहेका छन् भने आमजनता पार्टीले चार जना महिलालाई उम्मेदवार बनाएको छ । तीमध्ये पर्सा-२ बाट रञ्जुकुमारी साह, सर्लाही-४ बाट रिङ्की साह, सप्तरी-४ बाट अनिताकुमारी चौधरी, सिराहा-३ बाट ज्ञानुदेवी दनुवार रहेका छन् ।

त्यस्तै मङ्गोल नेशनल अर्गनाइजेशनले दुई जना महिलालाई उम्मेदवार बनाएको छ । तीमध्ये बार-२ राधादेवी महरा र बारा-३ बाट सम्झना गोलेलाई सो पार्टीले उम्मेदवार बनाएर चुनावी प्रतिस्पर्धामा ओर्लिएको छ ।

यसैगरी राप्रपा, श्रम संस्कृति पार्टी, प्रजातान्त्रिक पार्टी नेपाल राष्ट्रिय जनमोर्चा, राष्ट्रनिर्माण दल नेपाल, नागरिक उन्मुक्ति पार्टी, नेपाल जनता पार्टी, जनता




समाजवादी पार्टी नेपाल, उज्यालो नेपाल पार्टी, राष्ट्र निर्माण दल, श्रमशक्ति पार्टी र जसपा नेपालबाट एक-एक जनाले उम्मेदवारी दिएका छन् । मधेस प्रदेशमा एक जना पनि महिला उम्मेदवार नभएको क्षेत्र रौतहट-२ रहेको छ । केही पूर्वमन्त्रीहरूको समेत राजनीतिक भविष्य जोडिएको हुनाले त्यस क्षेत्रमा हुने रोचक चुनावी प्रतिस्पर्धाले सबैको ध्यान तानेको छ । अधिकांश महिलाले दलमा अवसर नपाएको र आफ्ना मुद्दा उठाउन स्वतन्त्र उम्मेदवारी दिएका देखिन्छ । केही क्षेत्रमा डमी उम्मेदवारको प्रवृत्ति बढ्दै गएको विश्लेषकहरूको भनाइ छ ।

पूर्वमन्त्री तथा नेकपा (एमाले)का केन्द्रीय सदस्य जुलीकुमारी महतो धनुषा क्षेत्र नं.३ बाट नै चुनावी मैदानमा उत्रिनुभएको छ । एमालेको राजनीतिमा क्रियाशील भएकी महतो अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा यसै निर्वाचन क्षेत्रबाट विजयी भएकी थिइन् । नेता महतोले नेपाली काँग्रेसका उम्मेदवार विमलेन्द्र निधि, जनता समाजवादी पार्टीका परमेश्वर साह, राष्ट्रिय स्वतन्त्र पार्टीका मनिष झा, राष्ट्रिय मुक्ति पार्टी नेपालका राजीव झा, नेपाली कम्युनिष्ट पार्टीका रामललित मण्डलसहितका उम्मेदवारहरूसँग कडा प्रतिस्पर्धा गरिरहनुभएको छ ।

यसअघि २०७९ सालमा भएको प्रतिनिधिसभा निर्वाचनमा क्षेत्रबाट एमालेकी जुली महतोले ३३ हजार ३८८ मत ल्याएर चुनाव जित्नुभएको थियो तर उक्त क्षेत्रमा नेपाली कांग्रेसको समेत बलियो पकड कायम छ । नेता विमलेन्द्र निधिले त्यसै क्षेत्रबाट २०६४ र २०७० को संविधानसभा सदस्यको चुनाव जित्नुभएको थियो ।

विसं २०६४ मा निधिसँग प्रतिस्पर्धा गर्दा नेता जुली महतो पराजित भएपछि २०७० मा समानुपातिक सांसद बन्नुभएको थियो । विसं २०७४ मा भएको निर्वाचनमा तत्कालीन राजपाका नेता राजेन्द्र महतोबाट नेता निधि पराजित हुनुभएको थियो भने नेता जुली महतो समानुपातिक सांसद बन्नुभएको थियो ।त्यस्तै २०७९ सालमा भएको प्रतिनिधिसभा निर्वाचनमा नेता निधिले समानुपातिक रोज्दा गठबन्धनकोतर्फबाट अनिलकुमार झालाई हराउँदै एमालेकी जुली महतो निर्वाचित हुनुभयो । यसपटकको आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा जनता समाजवादी पार्टीका परमेश्वर साह, राष्ट्रिय स्वतन्त्र पार्टीका मनिष झा, राष्ट्रिय मुक्ति पार्टी नेपालका राजीव झा र नेपाली कम्युनिष्ट पार्टीका राम ललित मण्डलसहित अन्य विभिन्न दलबाट उम्मेदवारी दिएकाले रोचक प्रतिस्पर्धा हुने निश्चित छ ।

यसैगरी, नेपाली कांग्रेसकी नेत्री किरण यादव महोत्तरी क्षेत्र नं २ बाट चुनावी प्रतिस्पर्धामा उत्रिनुभएको छ । महिलाको मुद्दामा लामो समयदेखि लड्ने र नागरिक अधिकार स्थापनाका लागि पनि निकै सक्रियताका साथ लाग्नुभएकी नेत्री यादवले नेपाली राजनीतिलाई अस्थिरताको भुमरीबाट निकाल्न महिलामैत्री राजनीति अपरिहार्य भएको हुँदा आफ्नो उम्मेदवारी भएको बताउँदै अहिले महिलाको चाहना समान अवसर तथा स्रोत र शक्तिमा समान अधिकार मात्र होइन, समान उपलब्धि पनि हो र यसका लागि धेरैभन्दा धेरै महिला प्रतिनिधिसभामा जितेर जानुपर्दछ भन्नुभयो । "विभिन्न समयमा भएको सामाजिक र राजनीतिक आन्दोलनले महिला र पुरुषको सामाजिकीकरणको प्रक्रियालाई परिवर्तन गरेको छ", उहाँले भन्नुभयो । मुख्यतः सङ्घीय लोकतान्त्रिक संविधानको संरक्षणबाट मात्र मधेसको आर्थिक विकासको आधार सिर्जना हुने भएकाले चुनावमा सङ्घीय संविधानको रक्षा र विकासको नारा सँगसँगै लिएर आफू चुनावी मैदानमा होमिएको उहाँले बताउनुभयो ।

विशेषगरी महोत्तरी-२ कांग्रेसको गढ भए पनि पछिल्लो समय जसपाका नेता शरत्सिंह भण्डारीले निरन्तर चुनाव जित्दै आउनुभएको छ । यसपटकको प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेत्री किरण यादव जनता समाजवादी पार्टीका नेता शरत्सिंह भण्डारी, नेकपा (एमाले)का कासिम नदाफ, नेपाली कम्युनिष्ट पार्टीका लक्ष्मणकुमार यादवसहितका उम्मेदवार हरूसँग कडा प्रतिस्पर्धा गरिरहनुभएको छ । यसअघि २०७९ को प्रतिनिधिसभा सदस्यको निर्वाचनमा नेता भण्डारीले लोसपाबाट २५ हजार १९० मत ल्याएर विजयी हुनुहुँदा तमलोपाका विजयकुमार सिंहले ११ हजार १२० र एमालेका राम परीक्षण यादवले १० हजार २५८ मत ल्याउनुभएको थियो । विसं २०७४ मा कांग्रेसले सिट नपाएर भण्डारीले सहजै चुनाव जिते पनि यसपटक कांग्रेसकी किरण यादवसमेत उम्मेदवार भएको हुनाले त्यस क्षेत्रमा रोचक प्रतिस्पर्धा हुने अनुमान गरिएको छ ।

त्यस्तै पूर्वमन्त्री तथा नेकपा (एमाले)का नेत्री ज्वालाकुमारी साह बारा क्षेत्र नं.३ बाट चुनावी प्रतिस्पर्धामा उत्रिनुभएको छ । यसपटकको प्रतिनिधिसभा सदस्य निर्वाचनमा उहाँ नेपाली कांग्रेसका सहमहामन्त्री फरमुल्लाह मन्सुर, जनमत पार्टीका प्रमोदप्रसाद गुप्ता, जसपा नेपालका रामबाबुकुमार यादव र रास्वपाका अरविन्द साहसहितका उम्मेदवारसँग कडा प्रतिस्पर्धा गरिरहनुभएको छ । यसअघि २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा यस क्षेत्रबाट एमालेकी ज्वालाकुमारी साहले २० हजार २५१ मत ल्याएर निर्वाचित हुँदा जसपाका रामबाबुकुमार यादवले १७ हजार २७९ र लोसपाका लालबाबु सिंह भुइँहारले ११ हजार ९६४ मत प्राप्त गर्नुभएको थियो ।

अधिकांश महिला उम्मेदवारहरुले ठूला दल र शक्तिशाली उम्मेदवारबीच किन स्वतन्त्र उम्मेदवार बनेको भन्ने प्रश्नको जवाफमा राजनीतिमा महिलाको उपस्थिति कमजोर छ, त्यसैले स्वतन्त्र रूपमा उम्मेदवारी दिएर महिला सशक्तीकरणको सन्देश दिएको बताउनुहुन्छ । "महिला अझै अग्रसर हुन सकेका छैनन् । मेरो प्रतिनिधित्वले अरू महिलालाई पनि अघि बढ्न प्रेरणा मिलोस् भन्ने चाहना हो", उहाँहरुको भनाइ छ । पछाडि परेका, पीडित र राज्यको पहुँचबाट बाहिर परेका समुदायका घाउमा मलहम लगाउन सकिन्छ भन्ने विश्वासका साथ आफू चुनावी प्रतिस्पर्धामा उत्रिएको रौतहट-३ बाट स्वतन्त्र उम्मेदवारी दिनुभएको सुजिताकुमारी गौतमको भनाइ छ । प्रतिस्पर्धाको कृत्रिम कुरा गरेर सदियौँदेखि उत्पीडन एवं राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारबाट बञ्चित मधेसका अल्पसङ्ख्यक मुस्लिम र दलित महिलाले जितेर आउलान् भनेर नै उनीहरुलाई नल्याउने योजना हो, सप्तरी-२ का स्वतन्त्र उम्मेदवार अम्बिकादेवी साफीले भन्नुभयो, "निर्वाचनका माध्यमबाट मुलुकमा आफ्नो अधिकार सुनिश्चित गर्न सम्पूर्ण दलित र अल्पसङ्ख्यक मुस्लिम महिलाले चुनावमा सक्रिय सहभागिता जनाउनु पर्दछ ।"

चुनावमा महिलालाई अवसर नदिएको विरोधस्वरूप स्वतन्त्र उम्मेदवारी दिनेहरू पनि धेरै छन् । नेपालको राजनीतिक परिप्रेक्ष्यमा महिलाको पहुँच सीमित रहेको र राजनीतिक दलमा महिलालाई नेतृत्व र निर्णायक भूमिकामा अवसर नदिएका कारण स्वतन्त्रमा महिला आउने गरेका छन् । आगामी फागुन २१ को निर्वाचनका लागि उम्मेदवार बनेका नेता तथा तिनका कार्यकर्ताका नाचगान र नारा जुलुसले मधेस प्रदेशमा चुनावी उल्लास देखिएको छ । महिला र पुरुषको जन्म समान रुपबाट हुने गरे पनि दलहरुमा अझै महिलालाई आलङ्कारिक ( सेरोमोनियल) उपस्थिति गराउने चलन रहेको छ, पर्सा क्षेत्र नं २ बाट राप्रपाकोतर्फबाट उम्मेदवार बन्नुभएका वीणा जयसवालले भन्नुभयो, "पुरुष त चुनाव जितेर गए तर सङ्घीय लोकतान्त्रिक संविधानको प्रभावकारी कार्यान्वय गर्न सकेनन् भने यसपालि मतदाताले हामीलाई पत्याएमा चुनाव जितेर गएपछि संविधानको प्रभावकारी कार्यान्वयनमा उल्लेखनीय भूमिका निर्वाह गर्छौं र महिलाको अधिकार पनि सुनिश्चित पार्छौं ।"

हामी चुनाव अभियानमा रातदिन लागेका छौँ तर हाम्रो गतिविधि प्रचारप्रसार नहुँदा चर्चा नभएको हो, महिला उम्मेदवारहरु एकै स्वरमा भन्नुभयो, "महिला उम्मेदवारलाई सञ्चार माध्यमले पनि ध्यान दिन सकेको छैन् । राजनीतिमा कमै मधेसी तथा मुस्लिम महिला लाग्ने भएकाले उहाँहरुको उम्मेदवारी सञ्चारमाध्यमका लागि गतिलो विषय हुन सक्दछ ।" उहाँहरुले मधेसी, दलित र मुस्लिम वर्गको महिलाको उम्मेदवारीलाई सञ्चारमाध्यमले विशेष प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।रासस

# सर्लाहीमा चार लाखभन्दा बढीलाई हात्तीपाइलेविरुद्धको औषधि खुवाइने

बरहथवा। सर्लाहीका १२ स्थानीय तहमा हात्तीपाइले रोगविरुद्धको औषधि खुवाइने भएको छ । स्वास्थ्य कार्यालय सर्लाहीका अनुसार जिल्लाको १२ वटा पालिकामा हात्तीपाइले रोग सङ्क्रमण फैलिरहेको पाइएपछि विशेष अभियानमार्फत औषधि खुवाउन थालिएको हो ।

विश्व स्वास्थ्य सङ्गठन र इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जिल्लाका २० पालिकालाई दुई भागमा विभाजन गरेर गत असोजमा हात्तीपाइले रोग सङ्क्रमणको परीक्षण गरेको थियो । परीक्षणका क्रम रोग फैलिने क्रम जारी रहेपछि औषधि सेवन गराउन लागेको हो ।

परीक्षण टोलीले जिल्लाको बलरा नगरपालिका, रामनगर गाउँपालिका,धन्कौलगाउँपालिका, बसवरिया गाउँपालिका, चक्रघट्ट गाउँपालिका, गोडैता नगरपालिका, विष्णु गाउँपालिका, कौडेना गाउँपालिका, मलङ्गवा नगरपालिका, ब्रह्मपरी गाउँपालिका, पर्सा गाउँपालिका र हरिपुर्वा नगरपालिकालाई एउटा समूहमा राखेर परीक्षण गरेको हो । टोलीका अनुसार बलरा, चक्रघट्ट र ब्रह्मपुरीबाट लिएको ३०० नमूनामध्ये २८ जनामा हात्तीपाइले सङ्क्रमण पाइएको थियो ।



त्यसमध्ये पनि राति १२ बजे लिएको २८ जनाको नमूनामा पाँच जना सक्रिय सङ्क्रमित फेला परेका स्वास्थ्य कार्यालय मलङ्गवाका हात्तीपाइले रोग नियन्त्रण शाखा संयोजक मनोज झाले जानकारी दिनुभयो । जिल्लाका उत्तरी क्षेत्रका बाँकी आठ पालिकामा भने हात्तीपाइले रोग फैलन क्रम रोकिएको पाइएको छ । "हात्तीपाइलेका नयाँ बिमारी फेला परेका पालिकामा विश्व स्वास्थ्य सङ्गठन र इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका चिकित्सक टोलीकै उपस्थितमा आम औषधि खुवाउने काम भइरहको छ," संयोजक झाले भन्नुभयो ।

"अभियानअन्तर्गत सुरुमा पालिकाका स्वास्थ्यकर्मी र स्वयम्सेविकालाई औषधि खुवाउने तौरतरिकाबारे प्रशिक्षण दिइनेछ, त्यसपछि उहाँहरूलाई घरघरमै पठाएर औषधि खुवाउन लगाउने गरिएको छ । मलङ्गवा नगरपालिकामा माघ ८ गतेदेखि औषधि खुवाउन सुरु गरिसकिएको र अन्य पालिकाहरूमा तालिम चलिरहेको छ", स्वास्थ्य कार्यालय प्रमुख झाले भन्नुभयो । हात्तीपाइलेविरुद्धको औषधि दुई वर्षदेखि माथि उमेरका सबैलाई सेवन गराइने उहाँले बताउनुभयो ।

बाह्र स्थानीय तहका ८० प्रतिशतले हुन आउने चार लाख ३० हजार ९४१ जनालाई औषधि खुवाउने लक्ष्य राखिएको छ । कार्यक्रमअन्तर्गत बुधबार हात्तीपाइले रोग उन्मूलनसम्बन्धी अन्तरक्रिया गरिएको थियो । हात्तीपाइले रोगले शरीरमा गम्भीर क्षति पुऱ्याउने भए पनि समयमै र नियमित औषधि सेवनले यसको रोकथाम गर्न सकिने इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा टेकु काठमाडौँका डा शशि बडेलले जानकारी दिनुभयो ।

हात्तीपाइले रोगका कारण दीर्घकालीन अपाङ्गता निम्तिन सक्ने जोखिम रहेको र यसका विषयमा आउने अनेकन भ्रमका पछाडि नलागी घरघरमा आउने स्वास्थ्य स्वयम्सेविकासँग औषधि लिएर सेवन गर्न उहाँले आग्रह गर्नुभयो । "हामीले केही समय पहिला सर्लाहीका २० पालिकालाई उत्तरी र दक्षिणी गरी दुई भागमा विभाजन गरेर नमूना सङ्कलन गर्ने र परीक्षण गर्ने काम गरेका थियो", डा बडेलले भन्नुभयो, "त्यस क्रममा जिल्लाको दक्षिणी क्षेत्रका १२ पालिकामा एक दशमलव आठ प्रतिशतसम्म सङ्क्रमण फैलने क्रम पाइयो ।

त्यसपछि पालिकाहरूमा औषधि खुवाउने अभियान सुरु गरिएको छ ।" डा बडेलका अनुसार एक प्रतिशतभन्दा धेरैमा सङ्क्रमण फेला पर्नु जोखिम पूर्ण अवस्था मानिन्छ। हात्तीपाइले (फाइलेरिया) रोग क्युलेक्स जातको सङ्क्रमित पोथी लामखुट्टेले मानिसमा सार्ने गर्दछ। यो रोग एक प्रकारको मसिनो धागो आकारको जुका जस्तै परजीवीबाट सङ्क्रमण भएपछि लाग्छ । क्युलेक्स जातको सङ्क्रमित पोथी लामखुट्टेले स्वास्थ्य मानिसलाई टोकेर यी परजीवीहरू मानव शरीरमा प्रवेश गराउने चिकित्सकको भनाइ छ ।रासस

# सहिदका सपना पूरा गर्न उहाँहरुले देखाएको बाटोमा हिँड्ने प्रण गरौँ: सभापति थापा



काठमाण्डु । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले सहिदका सपना पूरा गर्ने र उहाँहरुले देखाएको बाटोमा हिँड्ने प्रण गर्नुपर्ने उल्लेख गर्नुभएको छ ।सहिद दिवसका अवसरमा उहाँहरुको अदम्य साहस, सङ्कल्प र आदर्शप्रति उच्च सम्मान प्रकट गर्दै उहाँले सहिदहरुले आफ्नो जीवन देश र जनताका लागि समर्पण गरेकै कारण आज हामी स्वतन्त्रताको युगमा श्वास फेर्न पाइरहेका बताउनुभएको छ ।

सभापति थापाले नेपाली जनताको अधिकार र स्वतन्त्रताका लागि २००७ सालको जनक्रान्ति अघिदेखि २०८२ को 'जेनजी' विद्रोहसम्म, इतिहासका विभिन्न कालखण्डमा भएका समस्त आन्दोलन र सङ्घर्षहरुमा आफ्नो अमूल्य जीवन आहुति दिनुहुने सम्पूर्ण वीर सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको छ ।सुदृढ र सबल लोकतन्त्रबाट मात्रै नेपाललाई शान्त र समुन्नत राष्ट्रका रूप्मा रूपन्तरण गर्न सकिने उल्लेख गर्दै उहाँले वीर सहिदहरुले देखाउनुभएको त्याग, बलिदान र आदर्शको मार्गलाई आत्मसात् गर्दै समुन्नतिको दिशामा दृढतापूर्वक अगाडि बढ्नु सबैको दायित्व भएको बताउनुभएको छ ।

सभापति थापाले कांग्रेसको नेतृत्वमा संविधानसभाबाट निर्मित 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान'मा लिपिबद्ध जनअधिकारलाई प्रभावकारी कार्यान्वयन र समयसापेक्ष परिमार्जनगर्नुपर्नेउल्लेखगर्नुभएको छ । साथै उहाँले स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपालीको सामूहिक प्रयत्नबाट 'समुन्नत नेपाल, सम्मानित नेपाली'को लक्ष्य पूरा गर्न यस दिवसले सबैलाई प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभएको छ ।रासस

जनकपुर टुडे
२०८२ साल माघ १७ गते शनिबार (31 January, Saturday, 2026)

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। नारी (कविता) ।।

हम एकटा नारी छी।
हमही दुर्गा छी हमही काली छी।
हम एकटा बेटी बइनक जन्म लेनेछी।
हम जगत के कल्याणी छी।
हमही देश चलबै छी आ
हमही घरदुवार चलबै छी ।
कैलाकि हम एकटा नारी छी
नारी नारी कैहक लोक अछी ताना।
जब जब बरहैतैछ अन्याय अत्याचार
तब तब नारी लयतैछ काली दुर्गा के अबतार।
नारी के अपमान नै करु नारी के सम्मान करु
नारी के सम्मान करु



**लेखक: सुजना कुमारी**
**गाउः बफै**

## ।। बुझ्न सकेन यो मौसमलाई ।।

बुझ्न सकेन यो मौसमलाई,
कहिले मुस्कान, कहिले आँसु झार्छ।
घाम बोकेर आउँछ बिहान,
साँझ पर्दा बादलमै हराउँछ।
हावाले पनि कुरा लुकाउँछ,
पातसँग फुसफुसाउँदै भाग्छ।
मन जस्तै छ यो मौसम,
आफ्नै रहस्य आफैँसँग राख्छ।
आज न्यानो अँगालो जस्तो,
भोलि चिसो मौनता ओढ्छ।
बुझ्न सकेन यो मौसमलाई,
जति बुझ्न खोज्यो, उति टाढा पुग्छ।



**लेखक:रशमी दनुवार**
**मोरङ्ग, नेपाल**

## “विवाह केवल सँगै बस्नु होइन, संगै बुझ्नु हो”



**सुनिल कुमार मंडल**
**ठेगान :- उमाप्रेमपुर पर्वता ५ धनुषा**
**हाल :- धनुषाधाम न.पा ५ पर्वता धनुषा**

आजको नेपाली समाजमा विवाहलाई जीवनको सबैभन्दा ठूलो उपलब्धि ठानिन्छ। छोरी-छोराको विवाह भयो भने अभिभावक ढुक्क हुन्छन्, समाजले सम्मान गर्छ। तर प्रश्न उठ्छ–

के विवाह भएपछि साँचो जीवनसाथी भइन्छ?

विवाह गरेर एउटै घरमा बस्नु, एउटै थर लेखिनु र समाजका अगाडि जोडीको रूपमा देखिनु मात्र जीवनसाथी हुनु होइन। साँचो जीवनसाथी हुनु भनेको कानुनी र सामाजिक बन्धनभन्दा धेरै माथिको कुरा हो।

आज धेरै श्रीमान्–श्रीमतीहरू एउटै छानामुनि बसिरहेका छन्, तर मन र भावना टाढिएका छन्। बाहिर हेर्दा सबै ठिक देखिन्छ– पाहुनासँग हाँसो, समाजमा राम्रो छवि। तर घरभित्र चुपचाप बसाइ, फरक व्यवहार, अलग भान्सा, अलग कोठा र आँखामा लुकेको थकान देख्न सकिन्छ। यो मौनता नै धेरै सम्बन्धहरूलाई भित्रभित्रै कमजोर बनाइरहेको छ।

विवाहको सुरुवात प्रायः सपना र उत्साहले भरिएको हुन्छ। जोडीहरूले भविष्यको योजना बनाउँछन्, सँगै संघर्ष गर्ने कसम खान्छन्। तर समयसँगै कामको दबाब, आर्थिक चिन्ता, बच्चाको जिम्मेवारी र सामाजिक अपेक्षाले प्रेमलाई ओझेलमा पार्छ। संवाद घट्दै जान्छ, बुझाइ हराउँदै जान्छ, र सम्बन्ध केवल जिम्मेवारीमा सीमित हुन थाल्छ।

साँचो समस्या यतिमै छ–

हामी सँगै बस्न त सिक्छौँ, तर सँगै महसुस गर्न बिर्सन्छौँ।

जीवनसाथी हुनु भनेको केवल खर्च उठाउनु वा जिम्मेवारी पूरा गर्नु मात्र होइन। जब एक जना थाक्छ, निराश हुन्छ वा डराउँछ, अर्कोले धैर्यपूर्वक सुन्ने, बुझ्ने र साथ दिने क्षमता नै साँचो सम्बन्धको आधार हो। कहिलेकाहीँ शब्दभन्दा मौन साथ, स्पर्श र नजर नै धेरै अर्थपूर्ण हुन्छ।

संवाद विवाहको मेरुदण्ड हो। “तिमी थाक्यौ?” “म मद्दत गरूँ?” जस्ता साना प्रश्नहरूले पनि सम्बन्धमा न्यानोपन ल्याउँछन्। मनभित्रका पीडा, डर र असन्तोष साझा नगर्नु दूरी बढाउने मुख्य कारण हो। कानुनी बन्धनले घर दिन सक्छ, तर भावनात्मक नजिकाइ सिर्जना गर्न सक्दैन।

सम्मान र सराहना बिना कुनै पनि सम्बन्ध टिक्दैन। घरको काम, बच्चाको हेरचाह, आर्थिक संघर्ष–यी सबैमा एकअर्काको योगदानलाई कदर गर्न सिक्नुपर्छ। आलोचना सजिलो हुन्छ, तर सम्मान देखाउन सचेत प्रयास आवश्यक पर्छ। जिम्मेवारीको समान बाँडफाँडले मात्र विवाहलाई साँचो साझेदारी बनाउँछ।

मित्रता बिना विवाह केवल दायित्व र बन्धनको संरचना मात्र बन्छ। जब श्रीमान्–श्रीमती मित्र बन्छन्, तब उनीहरू खुशी, पीडा, सपना र डर निःसंकोच साझा गर्न सक्छन्। यही मित्रता, समझदारी र माया नै सम्बन्धलाई जीवित राख्ने शक्ति हो।

अन्ततः जीवनका सबै उपलब्धि–कमाइ, पद, प्रतिष्ठा–सबै क्षणिक हुन्। कठिन समयमा साथ दिने, आँसु पुछिदिने र मौन पीडामा अँगाल्ने व्यक्ति नै जीवनको साँचो सहारा हो।

त्यसैले आज समाजले बुझ्नुपर्ने कुरा स्पष्ट छ–

विवाह केवल सँगै बस्नु होइन; सक्रिय सहभागिता, संवाद, सम्मान र माया नै यसको वास्तविक मूल्य हो।

यदि यी तत्वहरू छैनन् भने, एउटै घरभित्र बसे पनि सम्बन्ध खाली र एक्लोपनले भरिएको हुन सक्छ। विवाहलाई देखावटी सफलता होइन, जीवनभरको भावनात्मक यात्राको रूपमा बुझ्न सिकौँ। सँगै बस्ने होइन, सँगै उभिने संस्कार विकास गरौँ।

यही चेतना नै आजको नेपाली समाजको आवश्यकता हो।

## ।। सहिद दिवस ।।

तिमीहरू चुपचाप सुत्यौ,
हामी खुला आकाशमा सास फेरिरहेका छौं।
तिमीहरूको रगतले लेखिएको देशमा,
आज हामी स्वतन्त्रता भएर बाँचिरहेका छौं।
आमाको काख रित्तियो,
तर राष्ट्रको छाती भरियो।
एउटा घर अन्धकारमा डुब्यो,
लाखौं घरमा उज्यालो छरियो।
तिमीहरू हाँस्दै मृत्यु अँगाल्यौ,
हामी बाँचेर डराउन नपरोस् भनेर।
आफ्नो सपना कफनमा बेरेर,
देशको भविष्य उज्यालो बनोस भनेर।
आज हामी स्वतन्त्र छौं भने,
त्यो संयोग होइन, बलिदान हो।
शहीद दिवस केवल एक मिति होइन,
यो रगतले लेखिएको पहिचान हो।



**नाम: खुशी कालिकोटे**
**ठेगाना: ओखलढुङ्गा च्यानाम**
**हाल: जनकपुरधाम**

## ।। जागौं हे जनता ।।

जागौँ जागौँ हे जनता,
तिम्रा देश छुटियो।
तिम्रै घरमा बसि,
तिम्रै घर लुटियो ।।
युवालाई बिदेशको यात्रा,
त्यो गाउँ सबै रित्यो ।
आशाकै बाटोलाई पर्खेर,
यो पाँच वर्ष पनि बित्यो।।
देशका सोझा जनतालाई,
ती भ्रष्ट नेताले झुक्याए।
बिकास गर्छु भन्ने कुरा गरि ,
भोट सबै हत्याए।
हेर्दाहेर्दै पैसाको बलमा ,
उ कुर्सी पनि पाए।
देश त हैन, उ आफ्नो महल बनायो,
विलासिताका अनेक रहर पलायो ।।
कस्तो बिडम्बना! बिकासको नाउमा,
उसको खल्ती भर्नुपर्ने।
हैट! अब धेरै भयो, हामिलाई जाग्नुपर्छ।
भ्रष्टाचारि नेतालाइ गाउबाटै लहेट्नुपर्छ।
विकास गर्ने मान्छेलाइ, अब हामी रोज्नुपर्छ।
स्वर्ण अक्षरमा जय नेपाल लेख्नुपर्छ।।



**ईन्द्रजित कुमार महतो**
**भङ्गहा नपा.-४ रामनगर विर्ता**
**अध्ययनरत:राजर्षि जनक क्याम्पस,जनकपुरधाम**

## ।। लुटिएको देश, मौन जनता ।।

मेरो देश आज रगत बगाउँदै कराइरहेछ,
तर सिंहदरबारमा हाँसोको भोज चलिरहेछ।
जनताको पसिनामा सत्ता सिँच्नेहरू,
सत्तामा पुगेपछि देश नै बेच्नेहरू।
भोट माग्दा देश आमा सम्झिन्छन्,
सत्ता पाएपछि आमा नै भुल्छन्।
भाषणमा देशभक्ति झर्छ आँसु झैँ,
कुर्सी पाएपछि नैतिकता भाग्छ छायाँझैँ।
खेतमा किसानको सपना सुक्दै जान्छ,
युवाको भविष्य परदेशमा बिक्दै जान्छ।
विद्यालय भत्किएका छन्, अस्पताल रित्तो,
तर नेताको महल झन् अग्लो र चम्किलो।
जनताको पीडा सुन्ने कान बन्द छन्,
सत्ताको नशामा सबै अन्धा छन्।
कानुन कागजमा मात्रै बाँकी छ आज,
न्याय धनीको ढोकामा मात्रै पाउँछ आवाज।
देश आमा सोधिरहेकी– “मेरो दोष के थियो?”
लुट्नेहरू भन्छन्– “सब नियमभित्र नै थियो।”
इतिहास चुप छैन, समयले लेख्ने छ,
लुटेराको नाम कालो अक्षरले कोर्ने छ।
एक दिन उठ्नेछ यो मौन जनताको स्वर,
त्यो दिन हल्लिनेछ सत्ता, टुट्नेछ घमण्डको घर।
आज लुटिएको देश रोइरहेछ सही,
तर भोलि यही देश लुटेरामाथि गर्जिनेछ, यही।



**लेखक: दिलीप कुमार दास**
**ठेगाना: लक्ष्मीपुर ०४- धनुषाधाम**

## “बा को संघर्ष (बा)”

मैले जीवनमा थुप्रै मानिस भेटे तर
एक अक्षरले बनेको बा र
दुई अक्षरले बनेकी आमा जस्तो
महान र प्रिय शब्द मैले
कुनै शब्दकोशमा कहीं भेटिन ।
बा तिमी एक अक्षरको शब्द तर
उच्चारण शब्द जति सरल र सानो
तिम्रो सङ्घर्ष र तिम्रो त्याग निकै महान
अद्वितीय र अतुलनीए छ बा।
सन्तानको लागि तिमी भोक भोकै बस्छौ
सन्तानको सुन्दर भविष्यको लागि तिमी
साहुको तीतो र तुच्छ वचन सहन्छौ अनि फेरि
घरमा आएर तिमी विश्वको सबै भन्दा खुसी
व्यक्ति झैं खुसी भएर बस्छौ ।
बा निरन्तर तिमीले मेहनत गरी
छोराछोरीलाई हुर्कायौ , बढायौँ र पढायौ पनि
छोराछोरीको सुन्दर भविष्यको लागि तिमीले
दिनरात पसिना बगाई लगानी लगायौ पनि ।
उमेरमा ठूलाठूला समस्यासँग लड्दै
सफलता हासिल गरेका बा फेरि
आज गौर मा निर्वाचन प्रहरीको लागि
ती युवाहरू सँग लड्दैछन् फेरि ।
जिन्दगीको परीक्षा सँग लड्दै बस्नुपर्ने ५० वर्षीय बा
आज निर्वाचनको परीक्षामा लड्दै बसेको देख्दा
लाग्छ निकै साहसी र परिश्रमी छन् होला
तिम्रा सन्तान पनि बा।
रुख यति मजबुत र सुन्दर छ भने
त्यो रुखमा फल्ने फल कति सुन्दर छ होला
विश्वास छ मलाई तिम्रा सन्तानले पनि
अवश्य सफलता पाउने छन् होला ।
५० वर्षीय उमेरमा छोराछोरीको सहारा
र आसमा बस्नुपर्छ भन्ने समाजमा
राष्ट्रप्रति समर्पित रही राष्ट्रसेवक बनी
एक उदाहरणीय व्यक्ति बनयौ तिमी ।
जिन्दगीको परीक्षा सँग लड्दै बस्नुपर्ने मानिस
आज तिमी निर्वाचनको परीक्षामा लड्दै बसेका छौं
तिम्रो सङ्घर्ष , मेहनत र परिश्रम
एकदिन अबस्य पनी सफल हुने छ बा ।
कोही मानिस भएको पेट फाल्न कुदेको देख्छु
तिमीलाई फेरि मैदानमा पेट पाल्न कुदेको देख्छु
किन हो मानिस तिमी तर्फ हेर्दै हाँसेको देख्छु
आजभोलि यो समाजमा मानवता
हराएको जस्तो देख्छु ।



**लेखक : पर्वत राज रखाल (पर्खाल धनुषा)**
**ठेगाना : ग.चा.न.पा.१ (धनुषा)**

## ।। झगडाको छायाँ हटाऔं, सचेत मतले उज्यालो छरौं ।।

गाउँघर हाम्रो साझा सपना,
माटोको सुगन्ध, पसिनाको कथा,
तर यही धरतीमा कसैले
भ्रमको बादल ओढाइदिन्छ व्यर्थ व्यथा।
सानो कुरामा आगो बाल्दै
दाजुभाइबीच दूरी कोर्छन्,
कानकानीका काँडाले
एकताको फूल सुकाउँछन्।
हामी नै रिसाउँछौँ, हामी नै टुट्छौँ,
छिमेकी छिमेकी पराइ बन्छ,
तर षड्यन्त्रका सौदागर
मौन हाँसोमा जीत गन्छ।
अब धेरै भयो, यो खेल बुझौँ,
झगडाको जालो च्यातौँ आज,
हल्ला होइन, सत्य रोजौँ
विवेकलाई बनाऔँ आवाज।
राजनीति सेवा हुनुपर्छ,
जनताको पीडा सुन्ने कान,
द्वन्द्व भड्काउने होइन
एकता जोड्ने हुनुपर्छ पहिचान।
मत हाम्रो अमूल्य शक्ति हो,
आवेगमा होइन, सोचेर चलाऔँ,
नीति, निष्ठा र भविष्य छानेर
योग्य पार्टीलाई मतदान गरौँ।
गाउँघर शान्त, मनहरू जोडिने,
विकासले पाउने नयाँ गति,
झगडामुक्त समाज निर्माण ,गाउँघर शान्त, भविष्य उज्यालो,
छोराछोरी हाँस्ने भोलीका दिन,
झगडामुक्त समाज निर्माणका लागि
सचेत मत नै हो सही चिन्ह।



**लेखकः- भागचरण यादव**
**जनकपुरधाम-१४**

## ।। शहीद दिवस ।।

लाल सलाम वोइ शहीद सभ के,
जेकर खून सँ सिँचाइल धरती।
आजादी के दीप जइरकलकै
अन्हार भगबई लेल हरती।
माथ पर तिरंगा फहरैत अछि,
सीन में गर्व के बाती।
तोहें बिना ई देश अधूरा,
तोहें छी हमर साँचो साथी।
हँसी छोड़ी, सपना छोड़ी गेलहुँ,
देश खातिर बलिदान देलहुँ।
माटि के मान बढ़ाबय लेल,
अपन जीवन कुर्बान केलहुँ।
शहीद दिवस पर हम प्रण लइत छी,
तोहर बाट चलैत रहब।
सत्य, शान्ति आ न्याय के पथ पर,
हमेशा अडिग रहब।



**नाम राजु ठाकुर हजाम**
**ठेकाना-क्षि. ना. पा -७(नयाँबजार )**

## ।। व्यापार युद्ध ।।

बजारमा बज्यो उठानको चक्कर,
मूल्यको लहर, नबुझ्ने झक्क।
देश-देश भिडे दामका खेलमा,
नाफा र घाटाको नाच, अचम्म भक्क।
सुन-चाँदी साटासाटको धूम,
सस्तो-महँगोको युद्ध, ठूलो झूम।
सिँगारिए व्यापारका बजारहरू,
तर भित्रभित्रै बिझेको छ घुम।
ट्रेड वारको तातो लहर चल्यो,
कुनको बृद्धि, कुनको घाटा पलायो।
सिर्जना र नोक्सानीको यो मेल,
देश-देशको भाग्यले नै लेख्यो खेल।
बन्द गरे सीमा, बढाए कर,
सपना बने ढुङ्गा, आशा भयो डर।
तर सम्झ, व्यापार मात्र युद्ध होइन,
सहयोगको बाटो पनि छ, मानवीय भोर।



**लेखक :बब्लु शर्मा**
**ज. उ. न. पा.-७**

## ।। हाम्रो लाई हैन राम्रो चुनौं ।।

बा तपाई संञ्चै हुनुहुन्छ होला
म पनि आरामै छु
दिन चरिया चलेकै छ प्रदेश मा
जसो तसो दिन बिताई रहेको छु
अं बा आफ्नो देश मा त चुनाव
नजिकै आएको छ त्यही भएर
हाम्रो लाई हैन राम्रो लाई भोट
दिनु होला
बा याद गर्नु होला ति हाम्रा कलिला
भाई बैनी लाई ताकी ताकी
गोली हान्ने पाटी लाई कदापी
भोट नदिनु होला
बा यो देश लाई चुसेर खोकलो
बनाउने ति भाष्टाचारी नेताहरु लाई
कदापी आफ्नो घर आँगनमा नटेकन
दिनु होला
बा यो चुनावमा आउन त मन थियो
तर के गर्ने साहुको ऋण तिरन नै बाकी छ
त्यही भएर पनि आउन सक्दीन
बा फेरी पनि भन्छु यो पालि हाम्रो लाई हैन
राम्रो लाई चुन्नु होला



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**


## ।। के त्यो फेरि फर्कन्छ? ।।

बगेको खोला फर्किएन, उडेको चरी आएन, बिताएका ती दिनहरूले, फेरि बाटो पाएन। हाँसो थियो, खुसी थियो, सानो एउटा संसार, के त्यो फेरि फर्कन्छ र? मनमा छ यो विचार।

निर्दोष ती बाल्यकाल, निस्वार्थ त्यो माया, अहिले त बस बाँकी छ, यादहरूको छाया। समयको यो गतिसँगै, टाढा पुग्यो सबै, हराएको त्यो सुनौलो पल, भेटिन्छ त अबै? ?

बदलिएका ती मान्छेहरू, फेरि उस्तै हुलान् त? रित्तिएका ती मनहरू, फेरि उस्तै भरिएलान् त? खोज्दै हिँड्छु पुराना पाइला, भत्किएका बाटोमा, के त्यो सुगन्ध फेरि आउँछ, त्यही बाटोमा?

**लेखक: शम्भु साह (कानूनी सल्लाहकार)**
**ठेगाना: मिर्चैया न. पा ११**



# राष्ट्रपति पौडेल आगामी मङ्गलबार जापानको औपचारिक भ्रमणमा जानुहुँदै



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले यही माघ १८ गतेदेखि २१ गतेसम्म जापानको औपचारिक भ्रमण गर्नुहुने भएको छ ।

नेपाल र जापानबीचको कूटनीतिक सम्बन्ध स्थापनाको ७० औँ वर्षगाँठका अवसरमा जापान सरकारको निमन्त्रणाअनुसार राष्ट्रपति पौडेल नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यही माघ १८ गते नेपाल एयरलाइन्सको उडानबाट राति जापान प्रस्थान गर्नुहुने परराष्ट्र सचिव अमृतबहादुर राईले जानकारी दिनुभयो । भ्रमण सम्पन्न गरी उहाँ यही माघ २१ गते सोही एयरलाइन्सबाट स्वदेश फर्कनुहुने सचिव राईले बताउनुभयो ।भ्रमणका अवसरमा राष्ट्रपति पौडेलले माघ २० गते टोकियोस्थित इम्पेरियल प्यालेसमा जापानका सम्राट नारुहितोसँग राजकीय शिष्टाचार भेट गर्ने कार्यक्रम छ । सोही दिन राष्ट्रपति पौडेलसँग जापानका प्रधानमन्त्री सुश्री ताकाइची सानाएले भेटवार्ता गर्नुहुने परराष्ट्र सचिव राईले बताउनुभयो ।

राष्ट्रपति पौडेलले माघ १९ गते नेपाल-जापान कूटनीतिक सम्बन्धको ७० औँ वार्षिकोत्सव मनाउने सन्दर्भमा जापान सरकारको तर्फबाट आयोजना हुने विशेष स्वागत समारोहमा सहभागिता जनाउनुहुने छ। भ्रमणका अवसरमा जापानका विदेश राज्यमन्त्री होरिइ इवाओले पनि राष्ट्रपति पौडेसँग शिष्टाचार भेट गर्नुहुनेछ । भ्रमणका क्रममा राष्ट्रपति पौडेलले जापानी व्यावसायिक समुदायसँग बैठकमा सहभागिता जनाउनुका साथै, जापानस्थित नेपाली राजदूतावासले उहाँको सम्मानमा आयोजना गर्ने स्वागत समारोहमा पनि सहभागी हुनुहुने मन्त्रालयले जनाएको छ ।

राष्ट्रपति पौडेलका साथ उहाँकी धर्मपत्नी श्रीमती सविता पौडेल तथा उच्चस्तरीय सरकारी अधिकारीहरू रहनुहुनेछ ।रासस

**भ्रमणका अवसरमा राष्ट्रपति पौडेलले माघ २० गते टोकियोस्थित इम्पेरियल प्यालेसमा जापानका सम्राट नारुहितोसँग राजकीय शिष्टाचार भेट गर्ने कार्यक्रम छ ।**

# 'सहिदको त्यागलाई दलले उपेक्षा गर्दा युवाको विद्रोह'



मकवानपुर । बागमतीका प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले मुलुकको स्वतन्त्रता, संसदीय प्रजातन्त्रको स्थापना र नागरिकलाई अधिकार दिलाउन सहिदहरूको त्याग, तपस्यालाई राजनीतिक नेतृत्वले उपेक्षा गर्दा गत भदौ २३/२४ मा जेनजी विद्रोह भएको बताउनुभएको छ ।

उहाँले सहिद दिवसका अवसरमा बागमती प्रदेश मूल समारोह समिति मकवानपुरद्वारा आज हेटौँडामा आयोजित समारोहलाई सम्बोधन गर्दै राष्ट्रलाई दिगो शान्ति ल्याउन र प्रजातान्त्रिक संस्कार पुनःस्थापना गर्न आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई सबै नेपालीको सकारात्मक सहयोग हुनुपर्नेमा जोड दिनुभयो ।प्रदेश प्रमुख देवकोटाले युवापुस्ता कसैको उक्साहटमा नलागी राष्ट्रको सार्वभौमसत्ता सुरक्षित राख्न र आपसी सहिष्णुता कायम राख्नतर्फ एकढिक्का हुनुपर्ने बताउनुभयो ।सो अवसरमा बागमतीका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले सहिदहरूले आफ्नो व्यक्तिगत स्वार्थलाई त्यागेर राष्ट्रमा प्रजातान्त्रिक अधिकार स्थापित गराउन गरेको जीवन उत्सर्गलाई युवापुस्ताले प्रेरणाका रूपमा लिनुपर्ने बताउनुभयो ।

उहाँले प्रदेश सरकारले युवाहरूको भावनालाई आत्मसात् गरेर प्रदेशमा सुशासन ल्याउने र भ्रष्टाचारजन्य कार्यलाई न्यूनीकरण गर्नेतर्फ प्रदेश सरकारको प्रमुख लक्ष्य रहेको बताउनुभयो । उक्त अवसरमा बागमतीमा आन्तरिक मामिला तथा कानुनमन्त्री शिवराज अधिकारीले मौजुदा सविधानलाई पुनः लिकमा ल्याउन आसन्न निर्वाचनलाई निष्पक्ष, भयरहित वातावरणमा सम्पन्न गर्न प्रदेश सरकार प्रतिवद्ध रहेको उल्लेख गर्नुभयो ।

बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले बाह्य शक्तिको बढ्दो चलखेलको प्रभावले अहिले राष्ट्रियतामाथि सङ्कट आउन सक्नेतर्फ सबै नेपाली सचेत रहन अनुरोध गर्नुभयो ।

प्रदेशप्रमुख देवकोटाले सहिद स्मारक विकास समितिद्वारा आयोजित श्री चन्द्र स्मृति प्रतिष्ठानद्वारा आयोजित बालकुमारी थापा स्मृति प्रतिष्ठानका अध्यक्ष जुनेली श्रेष्ठलाई रु २५ हजार नगदसहित प्रंशासापत्र वितरण गर्नुभयो । सहिद दिवसको अवसरमा नवलपुरस्थित सहिद स्मारक परिसरबाट आज बिहान निस्केको प्रभातफेरी सहिद स्मारकमा पुगेर सभामा परिणत भएको थियो ।रासस

# सहिद राष्ट्रका ऊर्जा र प्रेरणाका स्रोत हुनः गृहमन्त्री अर्याल

काठमाण्डु । गृहमन्त्री ओमप्रकाश अर्यालले सहिदहरू राष्ट्रका ऊर्जा, प्रेरणा र मार्गदर्शनका शाश्वत स्रोतका रूपमा रहेका बताउनुभएको छ । राष्ट्रिय सहिद दिवसका अवसरमा शुक्रबार काठमाडौँको गोकर्णेश्वर नगरपालिका-४ मा आयोजित 'जेनजी' सुशासन योद्धा र अमर प्रहरीको विवरण समेटिएको सहिद स्मृति स्तम्भ उद्घाटन समारोहमा उहाँले सहिदहरूको बलिदानकै कारण आज मुलुक स्वतन्त्रता भएको धारणा राख्नुभयो ।



गृहमन्त्री अर्यालले मुलुकमा लोकतन्त्र, संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना सम्भव हुनुको कारण सहिदहरूको बलिदान रहेको स्पष्ट पार्नुभयो । उहाँले विभिन्न कालखण्डमा राष्ट्रका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने वीर सहिदप्रति उच्च सम्मान व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "सहिदहरूको रगतले सिञ्चित यो भूमि आज स्वतन्त्र छ । उहाँहरूको बलिदानकै कारण संविधानसहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो । सहिदहरूले देखाएका सपना साकार पार्न वर्तमान सरकार पूर्ण रूपमा कटिबद्ध छ ।"गृहमन्त्री अर्यालले सहिद परिवारको संरक्षण, सम्मान र सहयोगलाई सरकारले सधैँ उच्च प्राथमिकतामा राख्दै आएको उल्लेख गर्दै आगामी दिनमा पनि राज्यको तर्फबाट आवश्यक सहयोग र सम्मान निरन्तर रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । सहिद परिवारले भोग्नुपरेका समस्या समाधान गर्न सरकार गम्भीरतापूर्वक लागिपरेको उहाँको भनाइ छ ।

"विभिन्न समयमा देशका लागि आफ्नो ज्यान अर्पण गर्ने सम्पूर्ण अमर सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु", गृहमन्त्री अर्यालले भन्नुभयो, "जेनजी आन्दोलनका सहिदसहित सबै सहिद परिवारलाई सरकारले सधैँ उच्च सम्मान प्रदान गर्नेछ । उहाँहरूका पीडा र समस्या समाधान गर्नु सरकारको प्रमुख दायित्व हो ।" गृहमन्त्री अर्यालले वर्तमान सरकार नागरिकमैत्री सरकार भएको उल्लेख गर्दै यो सरकारले सधैँ नागरिकसँग सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले कठिन परिस्थितिमा अभिभावकविहीन महसुस गरेका नागरिकका लागि सरकारले अभिभावकको भूमिका निर्वाह गरिरहेको दाबी गर्नुभयो ।

उहाँले सुशासन, शान्ति सुरक्षा, सामाजिक न्याय र नागरिकको जीवनस्तर उकास्ने कार्यमा सरकार केन्द्रित रहेको जिकिर गर्नुभयो ।

सहिदहरूको त्याग र बलिदानलाई स्मरण गर्दै त्यसबाट प्रेरणा लिई राष्ट्र निर्माणमा सबै नागरिक एकजुट हुनुपर्नेमा उहाँले जोड दिनुभयो । कार्यक्रममा स्थानीय जनप्रतिनिधि, सुरक्षाकर्मी, सहिद परिवारका सदस्य, सामाजिक अभियन्ता तथा सर्वसाधारणको उपस्थिति थियो ।रासस

# विधिको शासन, जनउत्तरदायी राज्य र कर्मशील नागरिकबाट मात्र सहिदका सपना पूरा हुन्छः रास्वपा




काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले विधिको शासन, जनउत्तरदायी राज्य र कर्मशील नागरिकबाट मात्र सहिदका सपना पूरा हुने उल्लेख गरेको छ । सहिद दिवसको अवसरमा शुक्रबार सहिदप्रति श्रद्धाञ्जली अर्पण गर्दै जारी गरेको सन्देशमा रास्वपाले सहिद दिवसले सुशासन र समृद्धिको यात्रामा एकताबद्ध हुन प्रेरणा दिने अपेक्षासमेत व्यक्त गरेको छ । सन्देशमा सहिदहरूको बलिदान राजनीतिक परिवर्तन मात्र नभई सुशासन, न्याय र समृद्धिसँग जोडिएको उल्लेख गरिएको छ ।

सन्देशमार्फत पार्टीका उपसभापति डोलप्रसाद (डीपी) अर्यालले आगामी फागुन २१ गतेको निर्वाचनलाई नयाँ आशा र नेतृत्व उदयको प्रस्थान विन्दुका रूपमा समेत व्याख्या गर्नुभएको छ । "निरंकुश राणाशासनको अन्त्यसहित नेपालको राजनीतिक आन्दोलन एवं जनअधिकार प्राप्ति र सामाजिक न्यायका लागि भएका संघर्षहरूमा अमूल्य जीवन आहुति दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरुको गहिरो स्मरण गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं", सन्देशमा भनिएको छ, "सहिदको बलिदानको वास्तविक सम्मान भनेको राष्ट्रिय स्वाभिमान, एकता र जनअपेक्षाको यथोचित सम्बोधन हो ।"रासस

# प्रधानमन्त्री कार्कीबाट सहिदप्रति श्रद्धाञ्जली अर्पण

काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले लैनचौरस्थित सहिद स्मारक पुगी ज्ञात-अज्ञात सहिदहरुको सम्झनामा श्रद्धाञ्जली अर्पण गर्नुभएको छ ।

सहिद सप्ताहको अन्तिम दिन शुक्रबार प्रधानमन्त्रीले इतिहासको विभिन्न कालखण्डमा प्रजातन्त्र, राष्ट्र र स्वतन्त्रतासहित जनताका पक्षमा भएका आन्दोलनमा मृत्युवरण गरेका वीर सपुतको सम्मानमा श्रद्धाञ्जली अर्पण गर्नुभएको हो । हरेक वर्ष काठमाडौँ महानगरपालिकाले माघ १० गतेदेखि सप्ताहव्यापी कार्यक्रम गर्दै आएको छ । साताव्यापी कार्यक्रमको अन्तिम दिन शुक्रबार सहिद उद्यान लैनचौरमा विशेष श्रद्धाञ्जली सभा आयोजना गरिएको हो ।

सहिद दिवसको अन्तिम दिन शुक्रबार बिहान शान्तिवाटिकाबाट प्रभातफेरी सुरु भएको थियो । शान्तिवाटिकामा भेला भएर नेपाल प्रहरी र सशस्त्र प्रहरीको ब्यान्ड, मार्चपास र सहिदको तस्बिर राखिएको बग्गीसहितको प्रभातफेरी सहिद उद्यान लैनचौरमा पुगेर श्रद्धाञ्जली सभामा परिणत भएको थियो ।




सभामा प्रधानमन्त्री कार्की, गृहमन्त्री ओमप्रकाश अर्याल, मन्त्रीहरु, सरकारका उच्चपदस्थ अधिकारी, जनप्रतिनिधि र सुरक्षा अङ्गका प्रमुखहरुको सहभागिता रहेको थियो । काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलले, नागरिक स्वतन्त्रता, मानव अधिकार, सुशासन तथा स्वाभिमानका लागि विगतमा गरिएका प्रयत्न र त्याग बिर्सनु नहुने धारणा राख्नुभयो । सरकारले सहिद दिवसका अवसरमा आज सार्वजनिक बिदा दिएको छ ।रासस

# कांग्रेस देश बदल्ने अठोटसहित आएको छः प्रवक्ता चालिसे



काठमाण्डु।नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले कांग्रेस समयानुकूल नयाँ युवाका भावनासहित नवीनसहित आएको बताउनुभएको छ ।

कांग्रेसले सुरुआत गरेको 'कांग्रेस डबली' संवादका क्रममा शुक्रबार आयोजित पहिलो संस्करणमा उहाँले बदलिएर आएको कांग्रेस गौरवपूर्ण इतिहास र भरपर्दो भविष्यका साथ निर्वाचनमा होमिएको दाबी गर्नुभयो ।"नवयुवाले चाहेको परिवर्तनसँगै कांग्रेसले पनि पार्टी, स्वरूप, शैली र आचरणमा परिवर्तन ल्याएको छ", प्रवक्ता चालिसेले भन्नुभयो, "युवा पुस्तामा कांग्रेस आएको छ । आशाको सिर्जना भएको छ । कांग्रेस बदलेको मात्र होइन, देश बदल्ने अठोटका नीतिसहित आएको छ ।"

पहिलो संस्करणमा 'गैरकांग्रेसको दृष्टिमा अबको कांग्रेस' विषयमा आज अनलाइनखबरका प्रधान सम्पादक वसन्त बस्नेतसँग संवाद गरिएको थियो ।पत्रकार बस्नेतले फरक मतको संरक्षण र सम्मान तथा अभिव्यक्ति स्वतन्त्रतालाई प्रोत्साहन गर्नेगरी आयोजना गरिएको कार्यक्रम आलोचनात्मक छलफलका लागि उत्कृष्ट रहेका बताउनुभयो ।उहाँले दलभित्र आन्तरिक लोकतान्त्रीकरण बलियो हुनुपर्नेमा जोड दिँदै कांग्रेसले नेतृत्वको अनुहार मात्र होइन, विचारसहितको परिवर्तनलाई स्थापित गर्न सुझाव दिनुभयो ।रासस

# गृह मन्त्रालयबाट सुव्यवस्थित निर्वाचनसम्बन्धी अवधारणा जारी




काठमाण्डु । गृह मन्त्रालयले वडातहमा क्रियाशील राजनीतिक दलका पदाधिकारी एवं प्रबुद्ध व्यक्तिको सहभागितामा स्वतन्त्र, निष्पक्ष एवं भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्ने अवधारणा तयार गरेको छ ।

मन्त्रालयले 'सुव्यवस्थित निर्वाचन व्यवस्थापनका लागि वडा तहसम्म समन्वय र सहकार्य अभिवृद्धि गर्नेसम्बन्धी अवधारणा, २०८२' जारी गरिसकेको छ ।निर्वाचनका सबै प्रक्रियामा राजनीतिक दल, नागरिक समाज, सञ्चार जगत, निजी क्षेत्र एवं प्रबुद्ध व्यक्तिको भूमिका महत्त्वपूर्ण रहने तथ्यलाई मध्यनजर गर्दै मन्त्रालयले सो अवधारणा ल्याएको हो । अवधारणा कार्यान्वयनका लागि मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयलाई पत्राचारसमेत गरेको छ ।

वडा तहमा रहेका राजनीतिक व्यक्ति, पदाधिकारी एवं प्रबुद्ध व्यक्तिलाई निर्वाचन व्यवस्थापनलगायत कार्यमा समावेश गराइ निर्वाचनमा निजको अपनत्व अभिवृद्धि गरी गराई निश्पक्ष निर्वाचन सम्पन्न गर्ने अभिप्रायले अवधारणा सार्वजनिक गरिएको मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले जानकारी दिनुभयो ।अवधारणा कार्यान्वयनका लागि प्रमुख जिल्ला अधिकारी एवं जिल्ला सुरक्षा समितिका सबै पदाधिकारीलाई जिम्मेवार बनाइएको छ ।रासस

# राष्ट्रिय जनमुक्ति पार्टीको चुनावी घोषणापत्र सार्वजनिक




लुम्बिनी । राष्ट्रिय जनमुक्ति पार्टीले आसन्न फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि चुनावी घोषणापत्र सार्वजनिक गरेको छ। रूपन्देहीको मङ्गलापुरस्थित पार्टीको जिल्ला कार्यालयमा शुक्रबार पत्रकार सम्मेलन गरी चुनावी घोषणा पत्र सार्वजनिक गरिएको हो ।

घोषणापत्रमा सङ्घीयता, शासकीय स्वरुप, औद्योगिक विकास तथा रोजगार, भ्रष्टाचार नियन्त्रण, शिक्षा-स्वास्थ्यलगायत विषयलाई प्राथमिकताका साथ प्रस्तुत गरिएको छ। विगतका निर्वाचनमा जारी गरेका घोषणापत्रको समेत स्वामित्व लिने प्रतिबद्धतासहित भ्रष्टाचारलाई देशद्रोह सरह घोषणा गर्ने, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, सबै नेपालीको स्वास्थ्य बिमालगायत विषय पार्टीको नीति रहेको उल्लेख छ।

पार्टी अध्यक्ष केशवबहादुर थापा सूर्यवंशीले पार्टीले स्थापनाकालदेखि भ्रष्टाचारविरोधी अभियान सञ्चालन गर्दै आएको उल्लेख गर्दै भ्रष्टाचार राज्यद्रोह सरहको अपराध घोषणा गरी भ्रष्टाचारीलाई आजिवन काराबासको सजाय गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भ्रष्टाचार नियन्त्रण र सुशासन नै जेनजी आन्दोलनको उद्देश्य रहेको पार्टीको बुझाइ रहेको र भ्रष्टाचारविरूद्ध कडा कदम चाले मात्रै मुलुक समृद्धिको यात्रामा अगाडि बढ्ने धारणा राख्नुभयो।

पार्टीका महासचिव टोप अस्लामीले नेपालको संविधानबाट प्राप्त उपलब्धिको रक्षा गर्दै थप उपलब्धिका लागि लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले शक्तिशाली आयोग गठन गरी त्यसको सुझावको आधारमा राज्यको पुनर्संरचना गर्नुपर्नेमा जोड दिनुभयो । पार्टीका केन्द्रीय सचिव मोजिव अलीले आफ्नो पार्टीले प्रत्येक्षतर्फ लुम्बिनी प्रदेशका १० स्थानसहित देशका १७ क्षेत्रमा उम्मेदवार उठाएको र समानुपातिकमा १२ जना उम्मेदवार रहेको जानकारी दिनुभयो। रासस

# सहिदहरुप्रति सम्मान गर्न मुख्यमन्त्री कार्कीको आग्रह

विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले नागरिक स्वतन्त्रता, लोकतन्त्र र गणतन्त्र प्राप्तिका लागि विभित्र समयमा आफ्नो प्राण उत्सर्ग गर्नुहुने सम्पूर्ण वीर सहिदप्रति उच्च सम्मान र श्रद्धासुमन अर्पण गर्नुभएको छ ।



उहाँले शुक्रबार एक विज्ञप्ति जारी गर्दै नेपालको परिवर्तनको आन्दोलनमा अग्रणी भूमिका निर्वाह गरी त्यसलाई संस्थागत गर्न योगदान गर्नुहुने अग्रजप्रति सम्मान र आदर भाव व्यक्त गर्नुभएको छ । उहाँले जहानियाँ निरङ्कुश राणाशासन ढाल्नका लागि चार सहिदले देखाएको वीरता नेपाली इतिहासको आधार स्तम्भ हो भन्नु भएको छ ।विज्ञप्तिमा भनिएको छ "विसं २००७ देखि आजसम्म भएका हरेक निरङ्कुशता विरोधी आन्दोलन यही प्रेरणाको जगमा भएका छन् । पञ्चायती व्यवस्था विरुद्धको २०४६ सालको जनआन्दोलन होस् वा २०६२/६३ को ऐतिहासिक जनआन्दोलन सबैमा सहिदको त्यही प्रेरणा जीवन्त रह्यो ।"

उहाँले अहिले व्यवस्थामाथि भइरहेको प्रहारलाई उत्तेजनामा नभइ संयम, धैर्य र इमन्दारिताका साथ विवेकपूर्ण ढङ्गले लोकतान्त्रिक गणतन्त्र र संविधानलाई बचाउने प्रतिबद्धताकासाथ उभिन आग्रह गर्नुभएको छ । "हाम्रा अभिमतहरु पनि हाम्रो संविधान र व्यवस्था पक्षमा प्रकट हुनु पर्दछ, संविधानको जगमा उभिएर कमीकमजोरी सच्याउँदै सहिदले देखाएको बाटो र सपना साकार पार्न अघि बढ्नु आजको आवश्यकता हो", मुख्यमन्त्री कार्कीले भन्नुभएको छ ।

उहाँले सहिदको सम्मान एकताबद्ध भई समृद्ध र समुन्नत राष्ट्र निर्माणमा दृढ सङ्कल्प तथा अठोटका साथ लाग्न सबैलाई आह्वान गर्दै गर्नुभएको छ ।रासस

# फेड अध्यक्षको नाम शुक्रबार घोषणा हुने



एपी


वासिङ्टन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार बिहान फेडरल रिजर्भका अध्यक्षका लागि आफ्नो उम्मेद्वारको घोषणा गर्ने बताउनुभएको छ । लामो समयदेखि प्रतीक्षा गरिएको यो निर्णयले अमेरिकी केन्द्रीय बैंकले ह्वाइट हाउस र चुनावी राजनीतिबाट कति स्वतन्त्र रहन सक्छ भन्ने कुरा स्पष्ट पार्ने अपेक्षा गरिएको छ ।

गत वर्षभरि राष्ट्रपति ट्रम्पले वर्तमान फेड अध्यक्ष जेरोम पावेलको आलोचना गर्दै आउनुभएको थियो । पावेलको कार्यकाल मे महिनामा समाप्त हुँदैछ । ट्रम्पले द्रुत आर्थिक वृद्धिका लागि ब्याज दरहरू अझ तीव्र रूपमा घटाउनुपर्ने धारणा राख्नुभएको छ, तर पावेलले ट्रम्प प्रशासनका कर नीतिका कारण बढ्न सक्ने मुद्रास्फीतिलाई ध्यानमा राख्दै सावधानीपूर्ण दृष्टिकोण अपनाउनुभएको छ ।बिहीबार राति आफ्नी पत्नीबारे बनेको वृत्तचित्रको प्रदर्शनमा जाँदै गर्दा ट्रम्पले आफूले शुक्रबार बिहान फेड अध्यक्षको घोषणा गर्ने जानकारी दिनुभएको थियो । उहाँले छनोट हुने व्यक्ति आर्थिक क्षेत्रमा व्यापक सम्मान पाएको र सबैले चिनेको व्यक्तित्व हुने विश्वास व्यक्त गर्नुभएको छ ।

ट्रम्पले उम्मेदवारबारे धेरै खुलासा नगर्नुभएको भए पनि खोज प्रक्रियाको नेतृत्व अर्थमन्त्री स्कट बेसेन्टले गर्नुभएको बताइएको छ । अन्तिम चरणमा केभिन वार्श, क्रिस्टोफर वालर, रिक रिडर र केभिन ह्यासेटको नाम चर्चामा रहेको छ । ट्रम्पले हालै दिएको अभिव्यक्तिले वार्शतर्फ झुकाव देखिएको अड्कल गरिएको छ ।यसैबीच, फेडको मुख्यालय नवीकरण लागतलाई लिएर ट्रम्प र केन्द्रीय बैंकबीच तनाव बढ्दै गएको छ । सोही सन्दर्भमा फेडले न्याय विभागबाट कानुनी सूचना प्राप्त गरेको थियो । पावेलले भिडियो सन्देशमार्फत ब्याज दर निर्धारण राजनीतिक दबाबभन्दा जनताको हितका आधारमा गरिएको स्पष्ट पार्नुभएको थियो ।

ट्रम्पले आफ्नो मनोनीतले ब्याज दर घटाउने अपेक्षा व्यक्त गर्दै आउनुभएको छ, जसले अर्थतन्त्र, मुद्रास्फीति र रोजगारीमा प्रत्यक्ष प्रभाव पार्नेछ । पावेल अध्यक्ष पदबाट हटे पनि फेडको बोर्ड अफ गभर्नरमा सन् २०२८ सम्म रहन सक्ने भएकाले ट्रम्पको बोर्डमा पूर्ण नियन्त्रण कायम गर्ने योजनामा केही प्रक्रियागत चुनौती आउन सक्ने विश्लेषकहरूको भनाइ छ ।पावेलले हाल बोर्ड छोड्ने वा नछोड्नेबारे निर्णय सार्वजनिक नगरे पनि उत्तराधिकारीलाई राजनीतिक प्रभावबाट टाढा रही काङ्ग्रेसमार्फत जवाफदेही रहने छ ।

# भेनेजुएलाको तेल क्षेत्रमा निजीकरणको बाटो खुल्यो



एपी

काराकस । भेनेजुएलाका कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेजले बिहीबार देशको तेल उद्योग सुधारसम्बन्धी नयाँ कानूनमा हस्ताक्षर गर्नुभएको छ । यस कानूनले निजी कम्पनीहरूलाई तेल उत्पादन र बिक्रीमा ठूलो भूमिका दिने व्यवस्था गर्दै दुई दशकभन्दा बढी समयदेखि लागू समाजवादी नीतिलाई उल्ट्याएको छ ।

यो सुधार सरकारको सबैभन्दा महत्त्वपूर्ण नीतिगत कदम मानिएको छ । लामो समयदेखि सङ्कटमा परेको तेल उद्योगमा विदेशी लगानी आकर्षित गर्ने लक्ष्यसहित राज्यको कडा नियन्त्रण खुकुलो बनाइएको हो ।

राजधानी काराकसमा अमेरिकी सेनाको आक्रमणपछि पूर्वराष्ट्रपति निकोलस मदुरोको सत्ता गुमेको एक महिनाभित्रै यो कानून लागू गरिएको हो ।

राष्ट्रिय सभाबाट विधेयक पारित भएको दुई घण्टाभन्दा कम समयमा रोड्रिगेजले हस्ताक्षर गर्नुभएको थियो । सोही समयमा अमेरिकी अर्थ मन्त्रालयलले भेनेजुएलामाथि लगाइएका तेलसम्बन्धी केही आर्थिक प्रतिबन्धहरू खुकुलो पार्दै अमेरिकी ऊर्जा कम्पनीहरूको गतिविधि विस्तार गर्ने प्रक्रिया अघि बढाएको जनाएको छ ।

रोड्रिगेजले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र विदेशमन्त्री मार्को रुबियोसँग पनि वार्ता गर्नुभएको थियो । अमेरिकी पक्षले भेनेजुएलाको तेल निर्यात नियमन गर्दै त्यसबाट आउने आम्दानीको निगरानी गर्ने योजना सार्वजनिक गरेको छ । विश्वमै सबैभन्दा ठूलो प्रमाणित कच्चा तेल भण्डार भेनेजुएलामै रहेको छ ।

नयाँ कानूनअनुसार निजी कम्पनीहरूले स्वीकृत व्यापार योजनाका आधारमा आफ्नै खर्च र जोखिममा तेल क्षेत्र सञ्चालन गर्न सक्नेछन् । यसले राज्यस्वामित्वको पिडिभिएसएको उत्पादन र मूल्य निर्धारणसम्बन्धी एकाधिकार अन्त्य गर्दछ । साथै, विदेशी लगानीकर्ताका लागि महत्त्वपूर्ण मानिने स्वतन्त्र अन्तर ॉष्ट्रिय मध्यस्थताको व्यवस्था पनि समेटिएको छ ।कानूनले रोयल्टी दर अधिकतम ३० प्रतिशतमा सीमित गर्ने र परियोजनाको प्रकृतिअनुसार कार्यकारी शाखाले कर संरचना निर्धारण गर्न सक्ने व्यवस्था गरेको छ । सत्ताधारी दलका सांसदहरूले यसले देशको अर्थतन्त्रमा सकारात्मक परिवर्तन ल्याउने दाबी गरेका छन् । विपक्षी सांसदहरूले भने पारदर्शिता र जवाफदेहिताका प्रावधान थप्न आग्रह गरेका छन् ।

तेल कामदार र सत्ताधारी दलका समर्थकहरूले संसद् भवनमा विधेयक पारित भएको खुसीयाली मनाएका थिए ।यसअघि पूर्वराष्ट्रपति ह्युगो चाभेजले तेल उद्योगलाई कडा राज्य नियन्त्रणमा राख्दै सामाजिक कार्यक्रमहरूको आधार बनाउनुभएको थियो । तर तेल मूल्यको गिरावट, भ्रष्टाचार, खराब व्यवस्थापन र अमेरिकी प्रतिबन्धका कारण उद्योग कमजोर बन्दै गयो र गहिरो आर्थिक सङ्कट उत्पन्न भयो । नयाँ सुधारले त्यही सङ्कटबाट बाहिर निस्कन प्रयास गरेको सरकारको भनाइ छ ।

# न्यू डायमण्डले जित्यो टाइगर कपको उपाधि



कास्की। पोखरामा सञ्चालन भएको छैठौं संस्करणको टाइगर कप राष्ट्रिय तथा अन्तरराष्ट्रिय आमन्त्रित क्लब च्याम्पियनसिप भलिबल प्रतियोगितामा महिलातर्फको उपाधि न्यू डायमण्ड स्पोट्र्स क्लबले जितेको छ ।

पोखरा रङ्गशालास्थित भलिबल कोर्टमा शुक्रबार सम्पन्न फाइनल खेलमा विभागीय टोली नेपाल पुलिस क्लबलाई ३-० को सोझो सेटमा पराजित गर्दै न्यू डायमण्डले उपाधि जितेको हो । न्यू डायमण्डले पहिलो सेट २५-११, दोस्रो सेट २५-२२ र तेस्रो सेट २५-१६ ले आफ्नो पक्षमा पा¥यो ।

उपाधिसँगै न्यू डायमण्डले रु छ लाख ६६ हजार ६६६ हात पा¥यो । उपविजेता बनेको पुलिसले रु तीन लाख ६६ हजार ६६६ प्राप्त ग¥यो । महिलातर्फ थाइल्याण्ड क्विन्स तृतीय हुन सफल भयो । थाइल्याण्ड क्विन्सले रु दुई लाख छ हजार ६६६ पुरस्कार पायो ।प्रतियोगितामा न्यू डायमण्डकी सुमित्रा रेग्मी सर्वोत्कृष्ट खेलाडी घोषित भइन् । उनले रु २६ हजार ६६६ प्राप्त गरिन् । उत्कृष्ट सर्भर प्रतिभा माली, लिविरो शान्तिकला तामाङ, सेटर प्रगति नाथ, ब्लकर सुनिता खत्री, स्पाइकर पथैया र प्रशिक्षक कुमार राई विधागततर्फ उत्कृष्ट बने । उनीहरुले जनही रु ११ हजार ६६६ प्राप्त गरे । अघिल्लो संस्करणमा महिलातर्फको उपाधि आयोजक टोली टाइगर ग्रुपले जितेको थियो ।

प्रतियोगितामा पुरुषतर्फ समूह चरणको अन्तिम खेल पर्वत जिल्ला भलिबल संघ र गण्डकी प्रदेशबीच खेल हुँदैछ । उक्त खेलले फाइनल खेल्ने टोलीको टुंगो लाग्नेछ । टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा यही माघ ९ गतेदेखि जारी च्याम्पियनसिपमा पुरुषतर्फ छ र महिलातर्फ पाँच टोली सहभागी भएका थिए ।रासस

# इरानमाथिको सम्भावित अमेरिकी आक्रमण यसपटक किन फरक हुनेछ

बीबीसी

काठमाण्डु । अमेरिकी सेन्ट्रल कमाण्डको दायित्वको क्षेत्रअन्तर्गत इरानी जलक्षेत्र नजिकै लडाकु पानीजहाजहरूको समूहका साथ विमानवाहक युद्धपोत 'यूएसएस अब्राहम लिङ्कन' को आगमनले व्यापक मुठभेड हुन लागेको आशङ्कालाई थप बल पुगेको छ ।

इरानमा हालैका वर्षहरूकै सबैभन्दा व्यापक र हिंसात्मक दमन भइरहेका बेला गरिएको यो परिचालनले वासिङ्टन र तेहरान प्रत्यक्ष भिडन्तको कति नजिक पुगेका छन् भन्नेमा जोड दिन्छ जुन पछिल्ला वर्षहरूको तुलनामा सबैभन्दा गम्भीर मोडमा छ। इरानी नेताहरू यतिबेला दोहोरो दबावमा छन्ः एकातिर सत्ता ढाल्न माग गरिरहेको बढ्दो विरोध प्रदर्शन र अर्कोतिर आफ्ना रणनीतिहरूलाई जानाजानी अस्पष्ट राखिरहेका अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्प। यसले तेहरानमा मात्र नभइ पहिलेदेखि नै अस्थिर रहेको सम्पूर्ण क्षेत्रमा चिन्ता बढाएको छ। सम्भावित अमेरिकी सैन्य आक्रमणप्रति इरानको यसपटकको प्रतिक्रिया यसअघिका मुठभेडहरूमा देखिएका परिचित र सावधानीपूर्ण अपनाइएको ढाँचाको नहुन सक्छ।

राष्ट्रपति ट्रम्पका हालैका धम्कीहरू इरानभित्रको आन्तरिक अशान्ति र हिंसात्मक दमनको सन्दर्भमा आएका छन् जतिबेला इस्लामिक गणतन्त्र असाधारण आन्तरिक दबावमा परिरहेको छ। फलस्वरूप, अहिले हुने कुनै पनि अमेरिकी आक्रमणले क्षेत्रीय स्तरमा र इरानभित्रै पनि द्रुत रूपमा तनाव बढ्ने उच्च जोखिम बोकेको छ।हालैका वर्षहरूमा तेहरानले सुस्त र सीमित जबाफ दिने कार्यलाई प्राथमिकतामा राख्ने गरेको देखिन्थ्यो।

सन् २०२५ को जुन २१-२२ मा इरानी परमाणु केन्द्रहरूमा अमेरिकी आक्रमण भएपछि इरानले त्यसको भोलिपल्टै कतार स्थित अमेरिकाद्वारा सञ्चालित 'अल उदेद' एअरबेसमा क्षेप्यास्त्र प्रहार गरेर जबाफ फर्काएको थियो। राष्ट्रपति ट्रम्पका अनुसार इरानले उक्त आक्रमणबारे पूर्वजानकारी दिएको थियो। त्यसले गर्दा अमेरिकी हवाई रक्षा प्रणाली अधिकांश क्षेप्यास्त्रहरूलाई बीचमै नष्ट गर्न सफल भयो। त्यसमा कुनै मानवीय क्षति भएन। उक्त घटनालाई इरानले युद्ध नचाहेको तर आफ्नो दृढता देखाउन गरेको सचेत प्रयासका रूपमा अर्थ्याइएको थियो।

त्यस्तै तरिका सन् २०२० जनवरीमा ट्रम्पको पहिलो राष्ट्रपतीय कार्यकालमा पनि देखिएको थियो। उक्त वर्षको ३ ज्यानुअरीमा बग्दाद विमानस्थलनजिकै अमेरिकी कारबाहीमा कुद्स फोर्सका कमाण्डर कासिम सुलेमानी मारिएको घटनामा इरानले त्यसको पाँच दिनपछि इराकस्थित अमेरिकाको 'ऐन अल-असद' हवाई अखाडामा क्षेप्यास्त्र प्रहार गरेर प्रत्युत्तर दिएको थियो।



त्यसबेला पनि पूर्वजानकारी दिइएको थियो। कुनै अमेरिकी सैनिकको ज्यान नगए पनि पछि दर्जनौंलाई मस्तिष्कको चोट लागेको विवरणहरू आए। उक्त घटनाले तेहरान तनावपूर्ण स्थितिलाई भड्काउनु भन्दा पनि व्यवस्थापन गर्न चाहन्छ भन्ने धारणालाई थप बल पु¥यायो। तथापि अहिलेको स्थिति उल्लेखनीय रूपमा भिन्न छाइरान सन् १९७९ मा इस्लामिक गणतन्त्र बनेदेखिकै सबैभन्दा गम्भीर आन्तरिक अशान्तिको लहरबाट गुज्रिरहेको छाडिसेम्बरको अन्त्य र ज्यानुअरीको प्रारम्भबाट सुरु भएको विरोध प्रदर्शनमाथि अत्यन्तै कठोर र हिंसात्मक दमन भयो। देशभित्रका मानवाधिकारवादी संस्थाहरू र स्वास्थ्यकर्मीका अनुसार केही हजार मानिसहरू मारिएका छन् भने धेरै घाइते भएका वा हिरासतमा छन्।

पहुँचको अभाव र दुई हप्ताभन्दा बढी समयदेखि इन्टरनेट बन्द गरिएका कारण वास्तविक स‌ङ्ख्या यकिन गर्न सकिएको छैन। इरानी अधिकारीहरूले ज्यान गएका घटनाको जिम्मा लिएका छैनन्। उल्टै 'आतङ्कवादी समूह'लाई जिम्मेवार ठह¥याउँदै इजरेलमाथि अशान्ति भड्काएको आरोप लगाएका छन्। राज्यको उच्च तहमा पनि उक्त भाष्य गुन्जिएको छ। इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिवले हालै ती प्रदर्शनहरूलाई पछिल्लो वर्षको १२ दिने युद्धकै निरन्तरताका रूपमा हेरिनुपर्ने बताएका छन्।उक्त तर्कले अधिकारीहरूको सुरक्षाप्रतिको प्राथमिकतालाई बुझ्न मद्दत गर्छ र त्यो सम्भवतः दमनको व्यापकता र तीव्रतालाई न्यायोचित ठहराउने बहानाको रूपमा प्रयोग गरिएको हुन सक्छायद्यपि अहिले सडक प्रदर्शनको स्तर घटेको छ तर ती पूर्ण रूपमा समाप्त भएका छैनन्। जनताका असन्तुष्टिहरू अझै सम्बोधन भएका छैनन्। समाजको विशाल तप्का र शासन प्रणालीबीचको विभाजन यति ठूलो कहिल्यै देखिएको थिएन ।

> ट्रम्पले प्रदर्शनकारीहरु विरुद्ध हिंसा प्रयोग नगर्न इरानी अधिकारीहरुलाई बारम्बार चेतावनी दिएका छन्। विरोध प्रदर्शन उत्कर्षमा पुग्दा उनले इरानीहरुलाई "सहयोग आउँदै गरेको" बताएका थिए ।

ज्यानुअरी ८ र ९ मा सुरक्षा बलले केही नगर र सहरका हिस्साहरूमा नियन्त्रण गुमाएको विवरण आएको थियो तर त्यसलाई पछि अत्यधिक बल प्रयोग गरेर पुनः नियन्त्रणमा लिइयो ।

नियन्त्रण गुमेको त्यो छोटो क्षणले अधिकारीहरूलाई त्रसित तुल्याएको देखिन्छ । त्यसपछिको शान्ति वार्ताबाट नभई जबरजस्ती कायम गरिएको हो। त्यसले गर्दा स्थिति अझै तनावपूर्ण छ। यो पृष्ठभूमिमा अमेरिकी आक्रमणको प्रकृति निर्णायक हुनेछाएउटा सीमित स्तरको आक्रमणले वासिङ्टनलाई तत्काल क्षेत्रीय युद्धको जोखिम नलिइ सैन्य सफलताको दाबी गर्ने अवसर त दिन सक्छ तर सँगसँगै त्यसले इरानी अधिकारीहरूलाई अर्को चरणको आन्तरिक दमनका निम्ति नयाँ बहाना पनि प्रदान गर्न सक्छ । यस्तो परिस्थितिमा पहिले नै हिरासतमा रहेका प्रदर्शनकारीहरूमाथि नयाँ दमन, सामूहिक गिरफ्तारी र मृत्युदण्ड सहितका कठोर सजायहरूको लहर चल्ने जोखिम रहन्छ ।

अर्कातर्फ अमेरिकाले व्यापक सैन्य अभियान चलाएर इरानलाई निकै कमजोर बनायो भने त्यसले उक्त देशलाई अराजकतातर्फ धकेल्न सक्छ। ९ करोडभन्दा बढी जनस‌ङ्ख्या भएको देशमा केन्द्रीय सत्ता अचानक ढल्दा सहज र चाँडो स्थिरता कायम हुने सम्भावना कमै हुन्छ। बरु त्यसले लामो समयसम्म अस्थिरता, गुटबन्दीसहितको हिंसा र क्षेत्रीय स्तरमा नकारात्मक असरहरू निम्त्याउन सक्छ। त्यसलाई नियन्त्रण गर्न वर्षौं लाग्न सक्छ। यी जोखिमहरूले तेहरानबाट आइरहेका कठोर अभिव्यक्तिहरूलाई बुझ्न मद्दत गर्छन्।उच्च राजनीतिक अधिकारीहरूका साथै 'इस्लामिक रिभोल्यूसनरी गार्ड कोर' तथा नियमित सशस्त्र बल; दुवैका वरिष्ठ कमाण्डरहरूले अमेरिकी आक्रमण जुनसुकै स्तरको भए पनि त्यसलाई युद्धका रूपमा व्यवहार गरिने चेतावनी दिएका छन् ।

यस्ता घोषणाहरूले इरानका छिमेकीहरू र त्यसमा पनि खासगरी अमेरिकी सेना रहेका खाडी मुलुकहरूलाई त्रसित बनाएको छ। प्रत्यक्ष संलग्न नभए पनि इरानको प्रतिक्रियाले ती देशहरूलाई जोखिममा पार्नेछ र त्यसले उक्त द्वन्द्व इरान र अमेरिकाभन्दा धेरै पर फैलिने सम्भावना बढाउँछायता वासिङ्टनका पनि आफ्नै सीमाहरू छन्। ट्रम्पले प्रदर्शनकारीहरू विरुद्ध हिंसा प्रयोग नगर्न इरानी अधिकारीहरूलाई बारम्बार चेतावनी दिएका छन्। विरोध प्रदर्शन उत्कर्षमा पुग्दा उनले इरानीहरूलाई "सहयोग आउँदै गरेको" बताएका थिए । उनका भनाइ इरानभित्र व्यापक रूपमा फैलिनुका साथै त्यसले प्रदर्शनकारीहरू माझ ठूलो अपेक्षा जगाएको थियो । दुवै पक्ष वृहत्तर रणनीतिक परिदृष्यबारे सचेत छन्।

गतवर्षको १२ दिने युद्ध अघिको तुलनामा इरान सैन्य रूपमा कमजोर भएको ट्रम्पलाई थाहा छ। त्यस्तै ट्रम्प पनि पूर्णस्तरको र अनिश्चितकालीन द्वन्द्वको पक्षमा खासै छैनन् भन्नेबारे तेहरान जानकार छायो दुइतर्फी सजगताले केही हदसम्म आश्वस्त तुल्याउन सक्छ तर यसले दुवै पक्षले आफ्नो प्रभावलाई बढी आँक्ने वा अर्कोको मनसायलाई गलत ढङ्गले बुझ्ने किसिमको डरलाग्दो गलत धारणा पैदा गर्ने सम्भावना पनि रहन्छाट्रम्पका लागि सन्तुलन कायम गर्नु अत्यन्त महत्त्वपूर्ण छ चाहे त्यो जसरी होस्। उनलाई इरानलाई पुनः दमनको चक्र वा अराजकताको खाडलतर्फ नधकेल्ने किसिमको त्यस्तो नतिजाको खाँचो छ जसलाई आफ्नो जितका रूपमा प्रस्तुत गर्न सकियोस्। इरानी नेताहरूका लागि भने खतराको विषय समय र बुझाइमा भर पर्छ।

उनीहरूले बाह्य रूपमा आफ्नो शक्ति प्रदर्शन गर्न र हालैको प्रदर्शनले अस्थिर भएको देशभित्र आन्तरिक नियन्त्रण कायम गर्न तत्काल खाँचो महसुस गरे भने ढिला र प्रतिकात्मक शैलीले जबाफ दिने पहिलेपहिलेको तरिका अब पर्याप्त नहुन सक्छ ।

# अमेरिकी सरकार सटडाउनतर्फ

एएफपी

वासिङ्टन । अमेरिकी सिनेटले सरकारी खर्चसम्बन्धी महत्त्वपूर्ण मतदान अवरुद्ध गरेपछि सङ्घीय सरकार आंशिक रूपमा बन्द हुने सम्भावना बढेको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पको कडा आप्रवासन नीतिलाई लिएर ह्वाइट हाउस र सिनेट डेमोक्रेटबीच बढेको गतिरोधका कारण शनिबार मध्यरातपछि सटडाउन सुरु हुने देखिएको हो ।

असफल मतदानका कारण सङ्घीय सरकारको तीन चौथाइभन्दा बढी खर्च धान्ने छ-बिल खर्च प्याकेज रोकिएको छ । संशोधित प्याकेजमा फेरि मतदान गर्ने तयारी भए पनि त्यसलाई हाउस अफ रिप्रेजेन्टेटिभ्सले पनि पारित गर्नुपर्नेछ, तर हाउस अफ रिप्रेजेन्टेटिभ्स सोमबारसम्म विश्राममा रहने भएकाले समयसीमा नाघ्ने निश्चित जस्तै भएको छ ।ट्रम्पले पद सम्हालेपछि यो दोस्रो सरकारी सटडाउन हुनेछ । यद्यपि अघिल्लो पटकको ४३ दिन लामो बन्दको तुलनामा यसपटक छोटो हुने अपेक्षा गरिएको छ ।

डेमोक्रेटहरूले गृह मन्त्रालयलका लागि छुट्टै कोष व्यवस्था र आप्रवासन तथा भन्सार कार्यान्वयन निकाय आइसिइको कार्यशैलीमा कडा सर्त राख्ने माग गर्दै आएका छन् । सिनेटका डेमोक्रेट नेता चक शुमरले आइसिइको गतिविधिलाई राज्यद्वारा स्वीकृत ठगीको संज्ञा दिँदै कङ्ग्रेससँग त्यसलाई रोक्ने नैतिक दायित्व रहेको बताउनुभएको छ ।पछि शुमरले ह्वाइट हाउसले अस्थायी ढाँचामा सहमति जनाएको जानकारी दिनुभयो, तर अमेरिकी सञ्चारमाध्यमहरूले मतदान शुक्रबारसम्म ढिलाइ भएको जनाएका छन् । ट्रम्पले सामाजिक सञ्जालमार्फत द्विदलीय समर्थन जुटाउन आह्वान गर्दै सम्झौतालाई समर्थन गर्न आग्रह गर्नुभएको छ ।

यदि सटडाउन लम्बियो भने लाखौं सङ्घीय कर्मचारी बिदामा जाने वा तलबबिना काम गर्नुपर्ने अवस्था आउन सक्छ, जसको असर वासिङ्टन बाहिरसम्म फैलिन सक्नेछ ।

यस विवादलाई आप्रवासन प्रवर्तनसँग जोडिएका हालैका हिंसात्मक घटनाले थप चर्काएको छ । मिनियापोलिसमा ट्रम्प प्रशासनको निर्वासन अपरेसन अनुगमन गरिरहेका एक नर्सको सङ्घीय एजेन्टद्वारा गोली हानी हत्या भएपछि कङ्ग्रेसमा बहस तीव्र बनेको छ ।



डेमोक्रेटहरूले रक्षा, स्वास्थ्य, शिक्षा र यातायातलगायतका अन्य खर्च बिलहरू तुरुन्त पारित गर्न तयार रहेको बताएका छन् । तर उनीहरूले आइसिइका गस्ती, वारेन्ट प्रक्रिया, बल प्रयोगका नियम, शरीर क्यामेरा र पहिचानसम्बन्धी व्यवस्था कडा बनाउन डिएचएस बिल पुनर्लेखनको माग गरेका छन् ।ह्वाइट हाउसको प्रस्तावले भने गृह मन्त्रालयलाई सटडाउन टार्न दुई हप्ताको समय दिने मात्र व्यवस्था गरेको छ । सांसदहरूले डिएचएस कोषमा अवरोध आए विशेषगरी देशभर कठोर जाडो मौसम फैलिँदै गएको बेला आपतकालीन व्यवस्थापन एजेन्सीजस्ता निकायहरू प्रभावित हुनसक्ने चेतावनी दिएका छन् ।

# आधुनिकतासँगै सङ्कटमा पऱ्यो राना थारु समुदायको डोली-चन्डोल बोक्ने परम्परा

कञ्चनपुर । सुदूरपश्चिम प्रदेशको तराई क्षेत्र कैलाली र कञ्चनपुरमा बसोबास गर्ने राना थारु समुदायको विवाह संस्कृतिमा प्रयोग हुँदै आएको 'डोली' र ' चन्डोल' परम्परा आधुनिक जीवनशैली, यातायातको सहज पहुँच र बदलिँदो सामाजिक सोचका कारण क्रमशः लोपोन्मुख बन्दै गएको छ ।

पुस्तौँदेखि निरन्तर चल्दै आएको यो मौलिक सांस्कृतिक अभ्यास संरक्षणको गम्भीर चुनौतीमा परेको स्थानीय राना समुदायका अगुवा र संस्कृतिविद्हरु बताउनुहुन्छ । विवाहका अवसरमा दुलहाका लागि 'चन्डोल' र दुलहीका लागि 'डोली' प्रयोग गर्नु राना थारु समुदायको सदियौँ पुरानो चलन हो । यसले समुदायको सामाजिक प्रतिष्ठा, आपसी सम्बन्ध र विशिष्ट सांस्कृतिक पहिचानलाई उजागर गर्ने गर्दछ । परम्परागत रूप्मा बाँस, कपडा र स्थानीय सामग्री प्रयोग गरी तयार गरिने डोली-चन्डोल केवल विवाहमा दुहला, दुलहरी बोक्ने साधनमात्र नभई संस्कार, आस्था र सामाजिक मूल्यको प्रतीक मानिन्छ ।नेपाल राना थारु समाजका केन्द्रीय सदस्य रामशाह रानाका अनुसार बेहुलीका लागि तयार गरिने डोली बाँसबाट निर्माण गरिन्छ । "डोलीको माथिल्लो भाग सेतो कपडाले बेर्ने गरिन्छ भने बाँसकै छतरी बनाइन्छ", उहाँले भन्नुभयो, "डोलीभित्र चारपाई (डोरीले बुनिएको खटिया) राखी चारैतिर रङ्गीविरङ्गी कपडाले सजाइन्छ । पहिले कछनीको कपडाको प्रयोग बढी हुन्थ्यो ।"

दुलहा बस्ने चन्डोल पनि बाँसबाटै तयार गरिन्छ । बाँसका डण्डालाई चारैतिर बाँधेर बीचमा बाँधिन्छ । सो अवसरमा बहिनी-ज्वाइँ र भिनाजुले ढाल-तरबार बोक्ने चलन पनि रहेको राना बताउनुहुन्छ ।

दुलहालाई चन्डोलमा बसाल्नुअघि 'निम्तो हाल्ने' अर्थात् दक्षिणा दिने र टीकाटालो गर्ने गरिन्छ । चन्डोलभित्र गद्दा र गुदरिया ओछ्याइएको खटियामा दुलहासँगै उहाँका भाइलाई पनि बसाइन्छ, जसलाई 'सौविल्ला' भनिन्छ । दुलहा एक्लो नहोस् भन्ने मान्यताका आधारमा यो चलन विकसित भएको हो । चन्डोलमा बसेका दुलहा र सौविल्लालाई दिदीबहिनी, फूपू तथा आफन्तले फूल, पैसा र अक्षताले पूजा गर्ने गर्दछन्, जसलाई राना थारु भाषामा 'न्यौछार' गर्ने भनिन्छ ।डोलीमा भने दुलहीलाई मात्रै चढाइने परम्परा छ । दुलहीलाई पनि दिदीबहिनीले हल्दी लगाउने, नुहाएपछि बेहुलाको घरबाट पठाइएको लुगा लगाइदिने र अक्षता, फूल-पैसाले पूजा गर्ने चलन छ । राना थारु अगुवा रतनबहादुर रानाका अनुसार पहिले दुलहीले सेतो कपडा र बम्बै घघँरिया लगाउने प्रचलन थियो । "अहिले त्यो चलन विस्तारै हराउँदै गएको छ", उहाँले भन्नुभयो, "आधुनिक फेसन र महँगा लुगाले परम्परागत पहिरन विस्थापित हुँदै गएका छन् ।"

पहिले दुलहालाई भिनाजु र बहिनीज्वाइँ गरी चार जनाले चन्डोलमा काँधमा बोकेर बेहुलीको घर पुर्याउने र विवाह सम्पन्न भएपछि दुलहीलाई दाजुभाइ तथा भतिजाले डोलीमा काँधमै बोकेर बेहुलाको घरसम्म पुर्याउने चलन थियो । रतन भन्नुहुन्छ, "गाउँदेखि गाउँसम्म डोली-चन्डोल बोकेर हिँड्दा वातावरण नै उत्सवमय हुने गर्दथ्यो, तर अहिले यो दृश्य बिरलै देख्न पाइन्छ ।"हाल घरभन्दा केही परसम्ममात्र रीतिथिति



छतरी राखिन्छ र कण्डी, फुलवा तथा अर्सा कपडाले आकर्षक ढङ्गले सजाइन्छ । चन्डोल र डोली सजाउने काममा परिवारका सदस्य तथा आफन्तको सक्रिय सहभागिता रहने गर्दछ । उहाँ भन्नुहुन्छ, "जसले सामूहिकता र सामाजिक एकताको भाव झल्काउँछ ।"विवाहको दिन दुलहालाई चन्डोलमा चढाउनुअघि घरमै विशेष संस्कार गरिन्छ । दिदीबहिनीले हल्दी (बेसार) कुटेर बेहुलाको शरीरमा दल्ने चलन छ, जसले रोगव्याधि हट्ने र शुभता ल्याउने जनविश्वास राना थारु समुदायमा छ । त्यसपछि बेहुलालाई नुहाईधुवाई गराई टाउकोमा सेतो पगडी, शरीरमा नयाँ कपडा, कम्मरमा सेतो फेटा र कटारो जोगाउन डोली र चन्डोलमा बोक्ने गरिन्छ । राना अगुवा रानाले भन्नुभयो, "त्यसपछि बस, कार वा अन्य सवारीसाधन प्रयोग गरेर गन्तव्यमा पुर्याइन्छ ।"

राना थारु समुदायका अगुवा बालसुग्रिव रानाले डोली-चन्डोल बोक्ने चलन हराउँदै गएकोप्रति गहिरो चिन्ता व्यक्त गर्नुभयो । "पहिला डोली-चन्डोल बोक्दा काँध पुरै सुन्निने गर्दथ्यो", उहाँले भन्नुभयो, "अब ती दिन सम्झनामा मात्र सीमित हुँदै गएका छन् ।" उहाँका अनुसार आधुनिक सवारीसाधनको प्रयोगले सहजता त दिएको छ तर समुदायको मौलिक चालचलन र संस्कार ओझेलमा पर्न थालेका छन् ।रासस

# उद्यमसहितको वन व्यवस्थापनले आगलागी शून्य


हेटौँडा । मनहरी गाउँपालिका-७ की किसान विमला राईको सम्बन्ध केवल वन संरक्षणमा मात्र सीमित छैन, यो उहाँको दैनिकी, आम्दानी र सुरक्षासँग पनि गाँसिएको छ । सूर्योदयसँगै उहाँ सामुदायिक वनतर्फ लाग्नुहुन्छ । झाडी सफाइ, सुक्खा पात-पत्कर सङ्कलन र त्यसबाट कम्पोष्ट मल बनाउने काम उहाँको नियमित कर्म बनेको छ ।

पात-पत्करका लागि डिपाट सामुदायिक वनमा १५ सय फिटका तीनवटा खाल्डा बनेका छन्भने प्रत्येक खाल्डामा १५ सय ट्र्याक्टर मल उत्पादन हुने गरेको छ । यही उत्पादनमा विमला व्यस्त हुनुभएको छ । उहाँ भन्नुहुन्छ, "खाल्डामा मलमात्र होइन, हाम्रो जीवन नै संगालेको महसुस हुन्छ, साना नानी लिएर घरमा आगो बल्ला भनेर रातभर नसुत्ने हामीलाई यही खाल्डाले आनन्दको निद्रा दिएको छ ।" उहाँलाई करिब १० वर्ष अगाडिसम्म हिउँदमा वन नजिकैको घर डढेलोले जलाउँला भन्ने डर थियो । विस्तारै वनमा काम, खेती र मल उत्पादनको विकल्प ल्याइयो र डढेलो पूर्ण रूप्मा नियन्त्रण भएपछि निद्रा लागेको उहाँको भनाइ छ ।

अर्धसहरी जीवनशैली भएका र राजमार्ग छेउमा घर भएका विमलाको समुदाय नै यतिबेला सामुदायिक वनभित्र भेटिन्छ । दुईतीनवटा गाईवस्तु पाल्दा अरु काम गर्न नपाइने र त्यसैमा गुजारा नहुने कारण खेती गर्न नै मलले समस्या पारेकामा अहिले भने वनबाट मल र दैनिक ज्यालादारीका रूप्मा आम्दानी दुवै पाइरहेको विमला बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "पहिला मलका लागि अनिवार्य रूप्मा पशु पाल्नुपर्ने बाध्यता थियो, गोठ बनाउने, घाँसदाउरा जोहो गर्ने र पशु स्याहारमै धेरै समय खर्च हुन्थ्यो", विमला भन्नुहुन्छ, "अहिले सामुदायिक वनबाटै कम्पोष्ट मल पाइने भएपछि धेरै सहज भएको छ ।" वनमा झरेका पात-पत्कर, झाडी सफाइबाट निस्किएको जैविक पदार्थ कम्पोष्टमा परिणत भएपछि खेतका लागि पर्याप्त मल उपलब्ध हुन्छ । यसले माटोको उर्वराशक्ति बढाएको छ, बाली उत्पादन राम्रो भएको छ र रासायनिक मल किन्ने खर्च पनि घटेको छ ।

झाडी सफाइ केवल स्वच्छताका लागि मात्र होइन, आम्दानीको स्रोत पनि बनेको छ । वन उपभोक्ता समूहले सफाइबाट सङ्कलित सामग्रीलाई व्यवस्थित रूप्मा मल उत्पादनमा प्रयोग गर्छ । सो मल बिक्री हुँदा समूहलाई आम्दानी हुन्छ, जसको प्रत्यक्ष फाइदा उपभोक्ताले पाउँछन् । विमलाका अनुसार यस आम्दानीले छोराछोरीको पढाइ, घर खर्च र दैनिक आवश्यकतामा सहयोग पुगेको छ । छोराछोरी पाल्न अब पहिलेजस्तो गाह्रो छैन, उहाँ मुस्कुराउँदै भन्नुहुन्छ ।झाडी सफाइ र पत्कर सङ्कलनले वनभित्र सुक्खा पदार्थ थुप्रिन दिँदैन । यसको व्यवस्थापनले आगलागीको जोखिम घटाएको छ । पहिले हिउँद सुरु हुनासाथ डढेलोको डरले राति निद्रा लाग्दैनथ्यो । अहिले भने वन सफा, चिस्यानयुक्त र निगरानीमा भएकाले समुदाय ढुक्क छ ।

विमलामात्र होइन, यस क्षेत्रका सबै सामुदायिक वन उपभोक्ता समूहका




उपभोक्ताको दैनिकी र उपलब्धि उस्तै छ । डिपाट सामुदायिक वनसँगै सीमा जोडिएको सुनाचुरी सामुदायिक वन उपभोक्ता सरिता ब्लोन बिहानै कागतीका बिरुवा स्याहार गर्न वन पुग्नुहुन्छ । उहाँ भन्नुहुन्छ, "पहिले वन संरक्षण भनेको पहरा दिनुमात्र होजस्तो लाग्थ्यो, अहिले वनमै खेती गर्न पाउँदा आम्दानी पनि भयो । वन हाम्रो आफ्नै खेतबारीजस्तो लाग्न थालेको छ ।"

सुनाचुरी सामुदायिक वनकी उपभोक्ता सरिता ब्लोन आज आत्मविश्वासका साथ वनमा काम गरिरहनुभएको देखिन्छ । तर उहाँका लागि १० वर्षअघिको हिउँद अझै पनि डरलाग्दो स्मृतिका रूप्मा रहेको छ । वनको छेउमै घर भएकी उहाँ भन्नुहुन्छ, "राति निद्रा लाग्दैनथ्यो, डढेलोले घर भेट्ला कि भन्ने डर हुन्थ्यो ।" छिमेकीको गोठमा आगलागी भएको घटनापछि धेरै रात अनिँदो बसेको सम्झना अझै ताजा छ । तर अहिले अवस्था फेरिएको छ । वनमा झरेका पात-पत्कर सङ्कलन गरी कम्पोष्ट मल उत्पादन सुरु भएपछि आगलागीको जोखिम न्यून भएको छ । "अब ढुक्क छु", उहाँ मुस्कुराउँदै भन्नुहुन्छ, "अहिले वनको निजी सम्पत्तिजत्तिकै माया लाग्छ, माया लागेपछि आगो लाग्न नदिने प्रयास आफैँ हुन्छ ।"

सरिताका अनुसार सामुदायिक वनमा कागतीखेती गर्न थालिएपछि वनको हेरचाहमा पनि आफूहरुको ध्यान पुग्न थालेको छ । उक्त कामको फलस्वरूप वनमा आगलागी नभएको उहाँको भनाइ छ । "पहिले डढेलो नियन्त्रण गर्ने भन्ने हुन्थ्यो तर हामीलाई त्यति चासो थिएन, अहिले भने सबै उपभोक्ताको ध्यान पुग्छ", उहाँ भन्नुहुन्छ । सुनाचुरी सामुदायिक वन उपभोक्ता समूहले परम्परागत संरक्षणको अभ्यासबाट बाहिर निस्कँदै वनलाई आम्दानीसँग जोड्ने रणनीति अपनाएपछि उपभोक्ताको सोच र व्यवहार दुवैमा परिवर्तन आएको छ । पहिले दाउरा र घाँस सङ्कलनमा सीमित उपभोक्ता अहिले बिहानदेखि बेलुकासम्म वनमै व्यस्त देखिन्छन् । वन क्षेत्रमा कागती, तेजपत्ता र अम्रिसोखेती सुरु गरिएपछि उपभोक्ताले नियमित आम्दानीसँगै सामुदायिक वन आगलागीबाट सुरक्षित भएका छन्भने बस्ती पनि आगो लाग्नबाट जोगिएका छन् ।

डिपाट सामुदायिक वनका अध्यक्ष डम्बरबहादुर मोक्तान उज्यालो हुनेबित्तिकै वनमा जानुहुन्छ । उहाँको नेतृत्वमा उक्त सामुदायिक वनमा कम्पोष्ट मल र तेजपत्ताखेती भइरहेको छ । दिनमा खेती र रातमा पहरेदारीको काम गर्नु आफूहरुको दैनिकी भएको उहाँ बताउनुहुन्छ । ग्रिन फाउन्डेसन नेपालको प्राविधिक सहयोग र वन समूहको आन्तरिक कोषको करिब रु ३५ लाख लगानीबाट उक्त मल उत्पादनको काम सुरु गरिएको अध्यक्ष मोक्तानको भनाइ छ । उहाँ भन्नुहुन्छ, "पत्कर जलाउने परम्परा हटेपछि वन सफा भएको छ, आगो सल्किने सम्भावना घटेको छ र किसानका लागि जैविक

> "पहिले यहाँ झाडीमात्र हुन्थ्यो, हिउँद लागेपछि आगो लाग्ला कि भन्ने डर हुन्थ्यो", उहाँ भन्नुहुन्छ, "अहिले खेत बनेपछि सफाइ पनि हुन्छ, निगरानी पनि बढेको छभने आगलागीको जोखिम घटेको छ ।"

मलको स्थायी स्रोत बनेको छ ।" उहाँका अनुसार करिब १० वर्षदेखि आगलागी नभए पनि पछिल्ला सात वर्षयता पूर्ण रूप्मा आगलागी शून्य रहेको छ ।

डिपाट सामुदायिक वन आज दिगो वन व्यवस्थापन र स्थानीय समृद्धिको उदाहरण बनेको अध्यक्ष मोक्तानको दाबी छ । उहाँका अनुसार कुनै समय वनभित्र थुप्रिने पात-पत्कर डढेलोको मुख्य कारण थिए । हरेक सुक्खा मौसमसँगै आगलागीको त्रास थियो । तर उपभोक्ता समूहले ती पत्कर सङ्कलन गरी कम्पोष्ट मल बनाउने निर्णय गरेपछि वन व्यवस्थापनको सोच नै फेरियो । कम्पोष्ट मल उत्पादन र बिक्रीबाट आएको आम्दानी वन संरक्षण, सरसफाइ, आगलागी नियन्त्रण पूर्वतयारी र उपभोक्ता सचेतनामा पुनः लगानी भइरहेको छ । यसले समुदायमा वनप्रतिको अपनत्व र जिम्मेवारी भावना बलियो बनाएको उहाँको भनाइ छ ।

**वन जोगाउन सक्रिय उपभोक्ता**

मनहरी गाउँपालिका-७ मा अवस्थित डिपाट सामुदायिक वनसँग सिमाना जोडिएको पशुपति सामुदायिक वन क्षेत्रमा पछिल्ला वर्षहरुमा एक उदाहरणीय अभ्यास सुरु भएको छ । विद्युत् प्रसारण लाइन विस्तारका क्रममा ठूला रुख हटाइएपछि हाइटेन्सन लाइनमुनि खाली जमिन बाँकी थियो । पुनः रुख रोप्न नमिल्ने ती स्थान लामो समयसम्म प्रयोगविहीन रहे, जसका कारण झाडी बढ्ने र हिउँदयाममा आगलागीको जोखिम उच्च बन्दै गएको थियो ।

तर अहिले ती बेवास्तामा परेका क्षेत्र महिलाका लागि आम्दानी र वन संरक्षण दुवैको आधार बनेका छन् । पशुपति सामुदायिक वन उपभोक्ता समूहले हाइटेन्सन लाइनमुनि जडीबुटी, अदुवा र बेसारखेती सुरु गरेपछि वन व्यवस्थापनको स्वरूप् नै फेरिएको छ । खाली जमिन उत्पादनशील बन्दा झाडी बढ्न पाएन, सुक्खा पदार्थ थुप्रिन छाड्यो र आगलागीको सम्भावना उल्लेखनीय रूप्मा घट्यो ।लालीगुराँस जडीबुटी महिला आयआर्जन समूहकी अध्यक्ष चम्पामाया परियारका अनुसार खेती सुरु भएपछि वनमा बेवास्ता हुने ठाउँ नै बाँकी रहेन । "पहिले यहाँ झाडीमात्र हुन्थ्यो, हिउँद लागेपछि आगो लाग्ला कि भन्ने डर हुन्थ्यो", उहाँ भन्नुहुन्छ, "अहिले खेत बनेपछि सफाइ पनि हुन्छ, निगरानी पनि बढेको छभने आगलागीको जोखिम घटेको छ ।"

दलित समुदायकी चम्पामायाका लागि यो अभ्यास आर्थिक आम्दानीभन्दा पनि सामाजिक परिवर्तनको कथा बनेको छ । सामुदायिक वन उपभोक्ता समूहमा आबद्ध भएपछि उहाँले लेखपढ गर्न सिक्नुभएको छ, बैठकमा आफ्ना कुरा राख्न थाल्नुभएको छ र समूहको नेतृत्वसमेत गर्नुभएको छ । "पहिले दलित भनेर हेयको नजरले हेरिन्थ्यो, अहिले काम र क्षमताका आधारमा चिनिन थालेकी छु", उहाँको अनुभव छ ।समूहले खेतीसँगै वन संरक्षणलाई पनि प्राथमिकतामा राखेको छ । नियमित झाडी सफाइ, सुक्खा घाँस र पत्कर हटाउने, आगलागी हुनसक्ने स्थानमा सतर्कता अपनाउने र समुदायस्तरमा निगरानी गर्ने काम भइरहेको छ । यसले वन क्षेत्रमा डढेलो हुन नदिनेमात्र होइन, माटो मलिलो बनाउन पनि सहयोग पुगेको समूहको दाबी छ । जडीबुटीखेतीबाट बाँकी रहने जैविक पदार्थ कम्पोष्ट मलमा प्रयोग हुँदा माटोको उर्वराशक्ति बढेको छ ।

वन उपभोक्ता समूहका अनुसार महिलाको सक्रिय सहभागिताले वन संरक्षण थप प्रभावकारी बनेको छ । आम्दानीसँग जोडिएपछि वन जोगाउने जिम्मेवारी पनि साझा बनेको छ । पछिल्ला वर्षमा पशुपति सामुदायिक वन क्षेत्रमा कुनै ठूला आगलागीका घटना नभएको समूहले जनाएको छ । पशुपति सामुदायिक वनको यो अभ्यासले देखाएको छ-सिर्जनात्मक सोच, महिलाको नेतृत्व र सामुदायिक सहभागिता भए वन संरक्षण र जीविकोपार्जनसँगसँगै अघि बढ्न सक्छ । बेवास्तामा परेका जमिन उत्पादनशील बनेका छन्, आगलागीको जोखिम घटेको छ र समुदायमा सामाजिक रूपन्तरणको नयाँ बाटो खुलेको छ ।

**वातावरणीय फाइदा : कार्बनदेखि जैविक विविधतासम्म**

डिभिजन वन कार्यालय मनहरीका वन अधिकृत सुरेशप्रसाद गुप्ताका अनुसार सुक्खा पत्कर, हुरीबतास र मानवीय लापरवाहीका कारण हरेक वर्ष हजारौँ हेक्टर वन क्षेत्रमा आगलागी हुने गरे पनि मनहरी गाउँपालिकाका सुनाचुरी, डिपाट, पशुपति र मनकामना सामुदायिक वनमा विगत १० वर्षदेखि आगलागी नभएको र पछिल्ला सात वर्षयता पूर्ण रूप्मा शून्यमा झरेको छ । "आगोको जोखिम उच्च मानिने क्षेत्रमा आगलागी शून्य हुनु संयोग होइन", उहाँ भन्नुहुन्छ, "यो सचेत योजना, सामुदायिक सहभागिता र वनलाई आम्दानीसँग जोड्ने दूरदृष्टिको परिणाम हो ।"

डढेलो नलाग्दा कार्बनडाइअक्साइड, मिथेन र सुक्ष्म कणजस्ता हरितगृह ग्यासको उत्सर्जन घटेको छ, जसले जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न सहयोग पुर्याएको छ । जैविक मल प्रयोग बढेकाले माटोको गुणस्तर, चिस्यानधारण क्षमता र कार्बन सञ्चिति बढेको छ ।

मनहरी क्षेत्रमा निर्माण गरिएका रिचार्ज पोखरीले भूजल पुनःभरण, मुहान संरक्षण, वन्यजन्तुका लागि पानीको उपलब्धता र जल सन्तुलन कायम गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् । विजयसाल, सतिसाल, दार, चिउरी र नीमजस्ता स्थानीय प्रजातिको रोपाइँ तथा लोपोन्मुख सालक (प्याङ्गोलिन) संरक्षणका प्रयासले जैविक विविधता संरक्षणलाई थप मजबुत बनाएको छ ।

सामुदायिक वन उपभोक्ता महासङ्घ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईँका अनुसार वनलाई आम्दानीसँग जोडेर आगलागीजस्तो प्रमुख विनाशकारी कारक शून्यमा झारिनु सामुदायिक वनभित्रको सुशासन र दिगो विकासको स्पष्ट उदाहरण हो ।रासस

# सुन्तला टिप्न थालेका बाँसखर्कका किसानले दोब्बर मूल्य पारे

म्याग्दी । अन्यत्रको निखिएपछि सुन्तला टिप्न थालेका पर्वतको जलजला गाउँपालिका-१ बाँसखर्कका किसानले दोब्बर मूल्य पारेका छन् । अन्यत्रका किसानले सरदर प्रतिकिलो रु ७० देखि ८० का दरले सुन्तला बिक्री गरेर सकिसकेपछि बाँसखर्कका किसानले माघ लागेपछि टिप्न थालेका छन् । हाल प्रतिकिलो रु एक सय ६० का दरले बिक्री भइरहेको बाँसखर्कको सुन्तलाको भाउ दैनिकजसो उकालो चढिरहेको अगुवा किसान जगतबहादुर खत्रीले बताउनुभयो ।

"देशका अन्य ठाउँको बगैँचा रित्तिएपछि व्यापारीले बाँसखर्कको सुन्तला किनेर लैजान थालेका छन्", उहाँले भन्नुभयो, "माघ महिनासम्म बगैँचामा राखिने भएकाले बाँसखर्कको सुन्तलाले राम्रो बजारभाउ पाएको हो । माघको अन्तिममा प्रतिकिलो रु दुई सयसम्ममा सुन्तला बिक्री हुन्छ ।"पोखरा, काठमाडौँ र चितवनका ठूला व्यापारी बाँसखर्कमा सुन्तला किन्न आएका छन् । समुद्री सतहदेखि एक हजार १०० देखि एक हजार ९०० मिटर उचाइमा रहेको बाँसखर्कका २३९ मध्ये २०० घरपरिवारले सुन्तलाखेती गरेका छन् । एउटा परिवारले वार्षिक कम्तीमा रु पाँच लाखको सुन्तला बेच्छन् ।

बाँसखर्कमा ५३ वर्षअघि बलबहादुर अर्मजा र बलबहादुर खत्रीले सुन्तलाका बिरुवा लगाउँदा तप्केनी भई खेतीबाली बिग्रन्छ भनेर छिमेकीले उखेलेर फालिदिएका थिए । बाँसखर्कमा व्यावसायिक सुन्तलाखेती भित्र्याउँदा



काडा रोपेर खेतबारी बिगार्न खाजेको आरोप खेपेका उहाँहरु अहिले जीवित नरहे पनि समाजले सम्झिरहेको छ । अर्मजा र खत्रीको गाउँलाई समृद्ध, आत्मनिर्भर बनाउने पाँच दशकअघिको योजनाको लाभ उहाँका सन्ततिले मात्र नभएर सिङ्गो बासखर्कवासीले लिएका छन् ।

"हाम्रा बुबाले २०२८ सालमा रोपेको सुन्तलाको बिरुवा उखेलेर फालिदिएछन्, पछि २०३२ सालमा ल्याएर रोपेको बिरुवाले अहिले पनि फल दिइरहेको छ", बलबहादुर खत्रीका छोरा नरबहादुरले भन्नुभयो, "बुबा बितेर गएको २२ वर्ष भयो, मैले र भाइले बर्सेनि रु १० देखि १३ लाखका दरले सुन्तला बेच्छौँ । बुबाको पेन्सन हामीले खाइरहेका छौँ । सुन्तलाखेतीले बासखर्कवासीको आर्थिक र सामाजिक हैसियत फेरिएको छ ।"

बाँसखर्कको एक हजार ५०० रोपनी जग्गामा सुन्तलाखेती भएको छ । यस वर्ष रु २० करोड मूल्यबराबरको सुन्तला उत्पादन हुने अनुमान गरिएको छ । बाँसखर्कमा ५१ हजार १५१ सुन्तलाका बोट छन् । विसं १९९७/९८ तिर बजारमारे र विरमारेमा सोखका लागि करेसाबारीमा एकदुई बोट सुन्तला लगाएका थिए । व्यावसायिक चेतनाको विकास र कृषि विकास बैंकले ऋण दिन थालेपछि बाँसखर्कमा २०३० को दशकमा सुन्तलाखेती विस्तार हुन थालेको अगुवा किसान बताउँछन् ।

लुम्लेको कृषि अनुसन्धान केन्द्रमा काम गर्ने बाँसखर्कका सेवानिवृत्त गोर्खा सैनिकहरुको पहलमा सुन्तलाका बिरुवाको बजारीकरण हुने भएकाले केही किसानले नर्सरी पनि सञ्चालन गरेका थिए । वार्षिक रु २३ लाखको सुन्तला बेच्ने शान्तबहादुर छिन्तेल आफूहरुको आर्थिक हैसियतमा धेरै परिवर्तन आएको बताउनुभयो । "धान, कोदो र मकैखेती गरेर छ महिना पनि खान पुग्दैनथ्यो, छोराछोरी पढाउन र घरव्यवहार चलाउन विदेश जानुपर्ने बाध्यता थियो", उहाँले भन्नुभयो, "अहिले आफू आत्मनिर्भर र स्वरोजगार भएर पनि अरुलाई समेत बगैँचामा काम दिन सक्ने भएका छौँ ।"

बाँसखर्कको एक हजार ५०० रोपनी क्षेत्रफलमा ५१ हजार १५१ सुन्तलाका बोट छन् । सर्वेक्षणको नेतृत्व गर्नुभएका बाँसखर्कको ज्योतिमण्डल माविका प्रअ मेखबहादुर खत्रीले यस वर्ष २६ हजार ७०६ बोटमा करिब रु २० करोडको सुन्तला उत्पादन भएको छ । गत वर्ष रु १८ करोड, २०८० मा रु ११ करोड र त्यसअघिको वर्ष रु १० करोडबराबरको सुन्तला बिक्री भएको थियो । क्षेत्रफल विस्तार, फल लाग्ने नयाँ बिरुवा थपिएको, बगैँचा व्यवस्थापन, अनुकूल मौसम, दाना झर्ने समस्या कम भएको र दाना धेरै लागेकाले उत्पादन बढेको हो । "थप २४ हजार ४४५ सुन्तलाको बोट बगैँचामा हुर्किरहेका छन्", खत्रीले भन्नुभयो, "सुन्तलाखेतीबाट एउटा परिवारले वार्षिक रु चार लाखदेखि ४० लाखसम्म आम्दानी गर्छन् ।" सबै बोटले फल दिँदा केही वर्षमा उत्पादन दोब्बर बढेर झन्डै रु ४० करोड हाराहारी पुग्ने अनुमान गरिएको छ ।

बाँसखर्कका किसानले धान, कोदो, मकै, गहुँखेतीको विकल्पमा सुन्तलाखेती गरेका छन् । पहिले बाँसको जङ्गल भएको र हिउँदमा गाईभैँसी, भेडाबाख्राको गोठ राख्ने भएकाले बाँसखर्क रहन गएको किंवदन्ती छ । पुरानो बाँसखर्कको पाखो अहिले सुन्तलाखर्कमा परिणत भएको छ ।रासस

# हिमपातपछि कोरलानाकाबाट निकासी तथा पैठारी प्रभावित

मुस्ताङ । मङ्गलबारको भारी हिमपातपछिमाथिल्लो मुस्ताङस्थित नेपाल–चीन उत्तरी कोरलानाकाबाट निकासी तथा पैठारी प्रभावित बनेको छ । भारी हिमपातका कारण बुधबारदेखि यस नाकाबाट हुने आयातनिर्यात पूर्ण रूपमा ठप्प भएको मुस्ताङ भन्सार कार्यालयले जनाएको छ ।

माथिल्लो मुस्ताङमा मङ्गलबार राति परेको हिमपात तेस्रोपटक हो । यसअघि यस वर्ष दुईपटक हिमपात भइसकेको छ । लोमान्थाङ-२ न्हेचुङछोसेरस्थित भन्सार कार्यालयमा कार्यरत नायबसुब्बा जीवन देवकोटाका अनुसार जोमसोम-कोरला सडकमा दुई फिट बढी बाक्लो हिउँ जमेकाले कोरलानाकाबाट हुने निकासी तथा पैठारी कारोबार ठप्प भएको छ । हिमपातका कारण सडक पूर्ण रूपमा अवरुद्ध हुँदा भन्सार कार्यालयको नियमित कामकाज पनि ठप्प भएको छ । चीनतर्फ मालवस्तु पैठारी गर्न गएका एक दर्जन कन्टेनर लोमान्थाङ-२ छोसेरस्थित मुस्ताङ भन्सार कार्यालयमा थन्किएका छन् । कतिपय कन्टेनरको भन्सार जाँचपास भएको र कतिपय कन्टेनरको भन्सार घोषणा हुने क्रममा रहेकाहरू कागबेनी-कोरला सडक पूर्ण रूपमा बन्द रहेकाले गन्तव्यतर्फ प्रस्थान गर्न नसकी रोकिएको नायबसुब्बा देवकोटाको भनाइ छ ।



हिमपातअघि कोरलानाकास्थित चिनियाँ भन्सारमा मालवस्तु पैठारी गर्न गएका केही कन्टेनर उतै रोकिएका छन् । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी सन्तोष बस्यालले भारी हिमपातका कारण कागबेनी-कोरला सडक पूर्ण रूपमा अवरुद्ध रहेको बताउनुभयो । कोरला सडकको करिब ९० किलोमिटर दूरीमा दुई फिट हिउँ जमेर बसेकाले अवरुद्ध सडक सञ्चालन गराउन केही दिन लाग्ने उहाँको अनुमान छ ।कालीगण्डकी करिडोर बेनी-जोमसोम-कोरला सडक आयोजनाका प्रमुख तेजस्वी शर्माले हिमपातबाट अवरुद्ध सडकलाई जतिसक्दो छिटो सञ्चालन ल्याउन आयोजना प्रतिबद्ध रहेको र आजदेखि वारागुङ मुक्तिक्षेत्र-३ छुसाङबाट सडकको हिउँ पन्छाउन आवश्यक उपकरण परिचालित गरिने जानकारी दिनुभयो ।

छोसेर स्थित सशस्त्र प्रहरी बल नेपाल (बिओपी)का इन्चार्ज प्रहरी निरीक्षक सुरज श्रेष्ठका अनुसार भारी हिमपातका कारण कोरलानाकामा पाल टाँगेर बसेका स्थानीय व्यापारी पनि घर फर्किएको छन् । हिमपातपछि चिसो अत्यधिक बढेकाले यहाँको जनजीवन कष्टकर बनेको छ । माथिल्लो मुस्ताङमा माइनस २० डिग्री र तल्लो मुस्ताङमा माइनस १२ डिग्रीम्म तापक्रम छ । चिसो अत्यधिक बढेका कारण पशुचौपाया र पशु गोठालालाई पनि समस्या परेको छ ।रासस

स्थलगत रिपोर्टिङ्ग

# सर्लाही ३ मा श्रेष्ठ, उप्रेती र साहबीच त्रिकोणात्मक प्रतिस्पर्धा

**सुभाष कर्ण**

जनकपुरधाम । आसन्न प्रतिनिधि सभाका लागि सर्लाही क्षेत्र नम्बर ३ मा पनि देशका अन्य निर्वाचन क्षेत्र जस्तै चुनावी मैदानमा उत्रेका छन। उम्मेदवारहरु आ आफ्ना एजेण्डा र नारासहित प्रचारप्रसारमा जुटेका छन् ।

दलहरु कार्यकर्ता संगठित गर्न व्यस्त छन भने उम्मेदवारहरु प्रचार प्रसारमा लागेका छन् । तर मतदाताहरुमा खासै चुनाव लागेको देखिदैन । उनीहरु आ आफ्ना काममा व्यस्त देखिएका छन् । चिनी उद्योगका लागि उखु उत्पादनको प्रमुख क्षेत्र मध्ये सर्लाही ३ पनि हो । अधिकांश मतदाता किसान नै हुन र उनीहरुलाई उखु काटेर मिलसम्म पुरयाउने अहिले चटारो छ।



बयलगाडामा उखु लग्दै गरेका सलेमपुरका किसान रामनरेश रायले कतिको चुनाव लागेको छ भन्ने प्रश्नमा उनले भने 'आफूहरुलाई चुनावसँग के मतलब, चुनाव आएपनि खेती गरेर नै खाने हो, नआएपनि खेती नै गर्ने हो, चुनाव त नेताहरुका लागि हुन्छ।'

त्यस्तै अर्का किसान दिलिप रायले भने 'चुनावको खासै माहौल देखिदैन, गाडीहरु त गाउँमा कुदिरहेको हेर्छु तर अहिलेसम्म कुनैपनि पार्टीका नेताहरु आफूहरु कहाँ आएको छैन । चुनाव भएपनि के हुने समस्या त ज्यौंका त्यौं नै रहनेछ वर्षौंदेखि यही देख्दै आएका छौं।'

चुनावी माहोल बनाइरहेका उम्मेदवारहरु आ आफ्ना एजेण्डा मतदाताहरुसँग समक्ष राख्ने भनेर कार्यकर्ताहरुलाई भेटघाट गर्दै प्रशिक्षित गर्दैछन। सर्लाही ३ मा नेकपा एमालेका निर्वतमान सांसद हरि उप्रेती, कांग्रेसका विनोद खनाल, जसपाका जयप्रकाश राय, रास्वपाका नरेन्द्र साह, जनमतका सुनिलप्रसाद गुप्ता लगायत ३३ जना चुनावी मैदानमा छन् ।

श्रेष्ठले तराई मधेसमा वर्षौंदेखि व्याप्त रहेका मिटरब्याजको समस्या आफूले धेरै हदसम्म समाधान गर्न सफल भएको दाबीसहितका एजेण्डा बनाएका छन् । आफूले चुनाव जिते बाँकी रहेका समस्या समाधान गर्ने र सहुलियतपूर्ण ब्याज दरमा ऋण पाउने वित्तीय संस्था गाउँगाउँ स्थापना गर्ने प्रतिबद्धता समेत जनाउंछन्।

यस्तै एमालेका उप्रेतीले आफू निर्वाचित भएदेखि यहाँका जनताका लागि धेरै नै काम गरेको दाबी गर्दै अब निर्वाचित भए बांकी रहेका किसानको खेती समस्या र उखु भुक्तानी समस्या समाधानका साथै सहुलियत ऋणको व्यवस्थापन गर्ने चुनावी एजेण्डा बनाएका छन भने रास्वपाका साहले पटक पटक माओवादी र एमाले जितेपनि केही गर्न नसकेपछि अब परिवर्तनका लागि रास्वपालाई एक पटक मौका दिन भनी मत मागिरहेका छन।

२०७९ मा सर्लाही ३ मा माओवादीबाट उम्मेदवार बनेका नरेन्द्र साह यस पटक रास्वपाबाट उम्मेदवार बनेपछि उनको टाउको दुखाई बन्न सक्ने सम्भावना बढी छ।

मधेसी समुदायका बालेन शाहलाई रास्वपाले प्रधानमन्त्रीको उम्मेदवार बनाएको सेन्टीमेंट र २०७४ सालमा १२ हजारभन्दा बढी मत ल्याएको अवस्थाले साहको अवस्था पनि मजबूत नै देखिन्छ । एमाले उम्मेदवार हरि उप्रेती पनि निवर्तमान सांसद र पहाडी मतदातामा पकड भएका कारण प्रतिस्पर्धामै छन् ।

कांग्रेस र एमालेबाट पनि पहाडी समुदायकै व्यक्ति उम्मेदवार बन्नु र यसअघिको माओवादीका उम्मेदवार रास्वपाबाट श्रेष्ठको प्रतिद्वन्द्वी बनेपछि सर्लाही ३ को चुनाव प्रतिस्पर्धा रोचक बनेको छ । १ लाख ३४ हजार ४ सय १६ मतदाता रहेकोमा करिब ६०–७० प्रतिशत पहाडी मूलका छन् । सर्लाही ३ मा २०७९ को निर्वाचनमा एमालेका हरिप्रसाद उप्रेती ३२ हजार ९३८ मत ल्याई विजयी भएका थिए भने तत्कालीन माओवादी केन्द्र र हालका रास्वपा उम्मेदवार नरेन्द्र साहले ३२ हजार १६८ मत ल्याएर दोस्रो भएका थिए।

यता कांग्रेस उम्मेदवार विनोद खनाल पनि चुनाव जित्नेमा आफू ढुक्क रहेको बताउँछन् । सर्लाही ४ मा सभापति गगन थापा उम्मेदवार बनेकाले ३ नम्बरमा त्यसको प्रत्यक्ष प्रभाव पर्ने उनको बुझाइ छ । सभापति थापा मधेस झरेपछि कांग्रेसको पक्षमा जबर्जस्त माहोल बनेको भन्दै सर्लाहीका चारै जना उम्मेदवार विजयी हुने खनाल ढुक्क छन।

सर्लाही ३ मा हरिवन, बागमती, चक्रघट्टा, हरिपुर, बरहथवा, कविलासी नगरपालिका साथै बसबरिया गाउँपालिका रहेका छन् । हरिवन, बागमती, चक्रघट्टाका सबै वडाहरू यो निर्वाचन क्षेत्रमा पर्दा हरिपुरको १ नम्बर वडा मात्र पर्छ। बरथहवाको ५ देखि १२ र १६ देखि १८ गरी ११ वटा वडा यही क्षेत्रमा पर्छन् । कविलासी नगरपालिकाका ३ देखि ६, बसबरियाका ४ देखि ६ नम्बर पनि सर्लाही ३ मा पर्छन् ।

सर्लाही ३ का ५१ मध्ये कांग्रेस र माओवादीले १५-१५, एमाले र जसपाले ९-९, एकीकृत समाजवादीले २ र बहुजन पार्टीले एउटा वडा जितेका थिए। त्यस्तै नेकपा एमालेबाट विभाजन भएर बनेको नेकपा एकीकृत समाजवादीको पनि यहाँ धेरथोर प्रभाव थियो ।

२०७९ मा समानुपातिकतर्फ माओवादीले १५ हजार ४ सय ७१, एमालेले १५ हजार ६, जसपाले १२ हजार ७९, कांग्रेसले ९ हजार ९ सय ७९, रास्वपाले ६ हजार ९ सय ६२, जनमतको ६ हजार १ सय ३१, तत्कालीन एकीकृत समाजवादीले २ हजार ६ सय ५५ मत ल्याएका थिए।

## प्रधानमन्त्री बन्ने श्रेष्ठको रहर

यसैबीच नेकपा उम्मेदवार नारायणकाजी श्रेष्ठले प्रधानमन्त्रीको उम्मेदवार रहेको इच्छा जाहेर गरेका छन् ।

चुनावी मैदानमा आउनु अघि नै केही प्रमुख दलहरुले प्रधानमन्त्री उम्मेदवारीको घोषणा गरिसकेको अवस्थामा नेकपाका एक उम्मेदवार समेतले प्रधानमन्त्रीको उम्मेदवार रहेको इच्छा जाहेर गरेका छन। त्यो हुन सर्लाही ३ का नारायणकाजी श्रेष्ठ।

नेकपा उम्मेदवार श्रेष्ठ मिटरब्याजको समस्या समाधान गर्ने एजेण्डा लिएर चुनावी मैदानमा उतरेका छन् । पूर्वाधारसहित अन्य विकाससँगै सर्लाही ३ मा मिटरब्याज पीडितको समस्या निर्मूल पार्ने वाचासहित श्रेष्ठ यतिखेर मतदाताहरुसँग मत माग्दैछन् । मतदातासँग भेटघाटसँगै आफ्नो चुनावी तयारीसँगै श्रेष्ठ जिल्लाका अन्य निर्वाचन क्षेत्रमा समेत कार्यकर्ता भेटघाटलाई तिव्रता दिएका छन।

सर्लाही २ को कविलासी नगरपालिका सलेमपुर कार्यकर्ता भेटघाटका लागि पुगेका श्रेष्ठले टुडे सहकर्मीसँग कुराकानीमा क्रममा प्रधानमन्त्रीका लागि अगाडि सारिएका तीनै जना उम्मेदवार तराई मधेसबाट उम्मेदवार बनेको छ, नेकपाले तपाई प्रधानमन्त्रीकै लागि पठाएको हो कि भन्ने प्रसंग आफ्नो इच्छा जाहेर गरे।

उनले भने प्रधानमन्त्री बन्ने रहर कसलाई हुँदैन । पार्टीले जिम्मेवारी दिए त्यो सम्हाल्न तयार छु । सरकारमा रहेर उपप्रधानमन्त्रीसहित विभिन्न मन्त्रालयको जिम्मेवारी सम्हालिसकेको छु । हरेक मन्त्रालय सम्हाल्दा उदहारणीय काम नै गरेको छु। देशको नेतृत्व गर्नका लागि प्रधानमन्त्री बन्नुपर्छ भन्ने आफू पछि हटदैनौं । तर त्यो फैसला पार्टीभन्दा पहिला जनताले गर्छन र जनताले आफूलाई त्यो अवसर दिन्छन भन्ने आफू विश्वस्त छु।

# चुनावको चटारोमा मूल मुद्दा नदारद

ब्लग :



श्यामसुन्दर शशि

फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनमा मधेशका कुल ३२ निर्वाचन क्षेत्रमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र गरी १ हजार ४८ जनाले उम्मेदवारी दिएका थिए । तीमध्ये १२ जनाले उम्मेदवारी फिर्ता लिएका छन् । अर्थात् १ हजार ३६ जना अझै चुनावी मैदानमा छन् । तीमध्ये कति जना अर्को उम्मेदवारलाई गाडी, पोलिङ एजेन्ट र मतगणनामा सहयोग गर्ने उद्देश्यले खडा भएका छन् ? यो विषय सत्य भए पनि यसलाई उजागर गर्ने ठोस आधार नभएकोले लेखि हाल्नु पर्ने अवस्था भएन ।

चुनाव भनेको आकर्षक नारा दिने, मतदातासंग वाचा बन्धन गर्ने, शहीदको शालिकमा माल्यार्पण गर्ने, मतदातालाई आमा, बूवा, दाजु, भाई भनेर सम्बोधन गर्ने अनि अन्तमा आफू सबैभन्दा सक्षम, विकास प्रेमी भएको उद्घोष गर्दै भोट माग्ने महापर्व बनेको छ । सोझा जनता झुक्किदै आएका छन्, यस वर्ष पनि नझुकिएलान् भन्न सक्ने अवस्था छैन । तर मधेशको शिक्षा र स्वास्थ्य सूचकांक कर्णाली भन्दा पनि पछि परेको विषयमा कुनै नेताले मुख खोल्दैनन् । मधेश केन्द्रित दलहरुका उम्मेदवारहरु भन्दा होलान्- संघीय सरकारले मधेशलाई हेला गऱ्यो । कांग्रेस, एमाले, माओवादीका नेताहरुले भन्दा होलान्- दश वर्ष देखि त मधेशमा मधेशवादी दलहरुकै शासन थियो, अनि किन शिक्षा-स्वास्थ्यको सूचकांकमा सकारात्मक प्रभाव परेन ?

मधेश प्रदेशका आठ जिल्लाको जनसंख्या ६१ लख १४ हजार ६ सय छन् । मतदाताको संख्या भने ३६ लाखभन्दा बढी छन् । ३६ लाख मतदाताको लागि ३२ प्रतिनिधिसभा सदस्य छन् । अर्थात् मधेशका १ लाख १३ हजार ६३८ मतदाताले १ जना सांसदलाई छान्द छन्। जबकी ७ लाख १० हजार मतदाता रहेको काठमाण्डु उपत्यकामा ७० हजार मतदाताले १ जना सांसद चुन्न पाउँछन् । लोकतन्त्रका एक भोट र भोटको समान मतभार आवश्यक



मानिन्छ। नेपालमा मधेशले भोग्दै आएको यो चरम विभेद हो । काठमाण्डुलाई मानक मान्ने हो भन्ने मधेशका २२ जिल्लामा थप १९ जना संसदीय क्षेत्र थपिने छ। तर यो चुनावी मुद्दा बन्न सकेको छैन।

निर्वाचन आयोगले प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फका उम्मेदवारहरुको हकमा २२ लाख देखि ३३ लाखसम्म खर्च गर्न सक्ने सिमा तोकेको छ । मलाई लाग्छ, मधेशका ३६ लाख मतदातामध्ये ९५ प्रतिशतले एक साथ २२ लाख रुपैयाँ देखेका छैनन होलान् । जसले आफ्नो जिवनमा २२ लाख देखेकै छैनन्, उनीहरु निर्वाचनमा करोडौं खर्च गर्ने उम्मेदवारसंग के गरी प्रतिष्पर्धा गर्छन् होला ?

विभिन्न अध्ययनबाट प्राप्त नतिजा अनुसार २०७४ को निर्वाचनमा जित्ने उम्मेदवारले औसतमा झण्डै अढाई करोड तथा दोश्रो हुने उम्मेदवारले डेढ करोड भन्दा अधिक खर्च गरेका थिए । यस तथ्यांकतर्फ दृष्टिगोचर गर्दा आर्थिक रुपले कमजोर मतदाता उम्मेदवारी नै दिन सक्दैनन् ।

निर्वाचन आयोगले चुनावी खर्च नियमन गर्न बेग्लै खाताखोल्नु पर्ने, आय-व्यय दिनु पर्ने लगायतका प्रावधान ल्याएको छ । तर यसको अनुगमन पक्ष नितान्त फितलो छ। उम्मेदवारी दिने दिन मात्र लाखौं खर्च गर्ने दर्जनौं उम्मेदवार धनुषामै छन् । उम्मेदवारीको लागि भीड जम्मा गर्न गाडीको पैसादेखि भोज भतेर, सभा सेमिनार, प्रचार सामग्री खरिद र प्रयोग आदिमा हुने खर्चको लेखाजोखा गर्ने ठोस संयन्त्र सरकारसंग छैन । कारण निर्वाचनमा उम्मेदवारहरुले गर्ने खर्च बैंकबाट नभइ नगदमै हुन्छ।

निर्वाचनको प्रचार प्रसाद क्रमशः तीब्र बन्दै छ । यस वर्ष लोभ लाभमा नपरी सर्वोत्तम उम्मेदवारलाई विजयी बनाएर मधेशका जनताले नयाँ उदाहरण प्रस्तुत गरुन्, यही सबैको कामना छ।

# महोत्तरी ३ मा पनि चुनावी रौनक

**टुडे समाचारदाता**

जलेश्वर । आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि महोत्तरी- ३ मा विभिन्न पार्टी एवं स्वतन्त्र उम्मेदवारहरू चुनावी मैदानमा उत्रेका छन् ।

दलका शीर्ष नेताहरूको मनोमानी र परिवारवादविरूद्ध बागी उम्मेदवारहरूका कारण महोत्तरी- ३ मा प्रतिस्पर्धा रोमाञ्चक हुने भएको छ । विगतका दुईवटा चुनावमा महोत्तरी-३ मा लोकतान्त्रिक समाजवादीका पार्टीका अध्यक्ष, हाल जसपा नेपालका संरक्षक महन्त ठाकुर विजयी थियो।

ठाकुरको यात्रा राष्ट्रिय सभातिर मोडिएपछि मनोनयन दर्ताको अन्तिम समयमा पार्टीका संरक्षक ठाकुरले यो ठाउँमा आफ्नी छोरी डाक्टर मिनाक्षी ठाकुरलाई जसपा नेपालको उम्मेदवार बनाएको छ। ठाकुरले छोरीलाई उम्मेदवार बनाएपछि जसपा नेपालका नेता पूर्वकृषिमन्त्री हरिनारायण यादवले पार्टीमा परिवारवाद हाबी भएको भन्दै स्वतन्त्र उम्मेदवारी दिएर चुनौती दिएको छ।

त्यस्तै पटकपटक प्रतिनिधि सभा र पालिका प्रमुखमा उम्मेदवारी दिएर हार व्यहोरिसकेका एमाले नेता रामअधार कापरले पार्टीमा विद्रोह गरेर यस पटक पनि स्वतन्त्र उम्मेदवारी दिएको छ । २०७४ र २०८९ को निर्वाचनमा नेपाली कांग्रेसले औपचारिकरूपले महन्त ठाकुर र उहाँको पार्टीलाई सघाउँदै आएकोमा यसपटक भने आफ्नै पार्टीका नेता बजरंग नेपालीलाई उम्मेदवार बनाएको छ।

महन्त ठाकुर जितको लागि दुई चोटी सहयोग गरेको कांग्रेसका नेपालीले उहाँकी छोरी मिनाक्षीसाग प्रतिस्पर्धा गर्नुपर्ने देखिन्छ। २०७९ माको प्रदेश सभा निर्वाचनमा महोत्तरी ३ -(ख) बाट स्वतन्त्र उम्मेदवारी दिई पराजित भएपछि जसपा प्रवेश गरी दलीय राजनीतिमा लागेका उज्ज्वल झा, चुनावको मुखमै रास्वपा प्रवेश गरी उम्मेदवार बनेको छ।

रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहले पुर्ख्यौली गाउँ एकडाराका उज्ज्वल झालाई उम्मेदवार बनाएपछि क्षेत्र नम्बर ३ को प्रतिस्पर्धा झन् रोचक बनेको छ। ५९ हजार ९५० पुरूष तथा ५० हजार ८८६ महिला गरी एक लाख १० हजार ४ सय ३६ मतदाता रहेको महोत्तरी-३ मा ४१ जना उम्मेदवार छन् ।

यहाँ जनमत, राप्रपा, आम जनता पार्टीलगायतबाट केही नयाँ उम्मेदवार बने पनि पुरानै शैलीमा शिक्षा, स्वास्थ, सडकजस्त पुरानै कुरा लिएर मतदातामाझ पुग्न थालेका छन् ।

## फरार अभियुक्त पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज। जिल्ला प्रहरी कार्यालय पर्साले ठगी मुद्दामा दोषी ठहर भई फरार रहेका प्रविन चौरसियालाई वीरगञ्ज महानगरपालिका-१५ रामनगर चोकबाट पक्राउ गरेको छ।

प्रहरीका अनुसार वीरगञ्ज-१६ नगवा टोल निवासी २३ वर्षीय चौरसिया भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको क्रममा केन्द्रीय कारागार नख्खु, काठमाडौंबाट फरार भएका थिए। उनलाई ठगी मुद्दामा ५ वर्ष ६ महिना कैद र ८७ हजार ५ सय रुपैयाँ जरिवाना तोकिएको थियो।

फरार प्रतिवादीको खोजतलासका क्रममा जिल्ला प्रहरी कार्यालय पर्साको फैसला कार्यान्वयन टोली तथा मातहत प्रहरी चौकी बसपार्कबाट खटिएको संयुक्त टोलीले उनलाई नियन्त्रणमा लिएर वीरगञ्ज कारागारमा बुझाएको प्रहरीले जनाएको छ।

पर्सा प्रहरीले यस घटनालाई समयमै नियन्त्रणमा लिएर कानूनको दायरामा ल्याएकोमा नागरिकहरूको सराहना भएको छ।

# धनुषा २ नयाँ अनुहारको दबावमा पुराना उम्मेदवार



दिनेश परसैला – नेपाली काँग्रेस | उमाशंकर अरगडिया – नेकपा एमाले | रामचन्द्र झा – नेकपा | पशुपति यादव – जसपा नेपाल | रामविनोद यादव – रास्वपा

**टुडे समाचारदाता**

जनकपुरधाम । फागुन २१ हुने प्रतिनिधि सभाको निर्वाचनका लागि धनुषा-२ मा ३४ जना उम्मेदवार चुनावी मैदानमा छन् ।

मुख्य पाँच दल मध्ये दुई पुरानासहित दुई नयाँ उम्मेदवार प्रतिस्पर्धी चुनावी मैदानमा छन्। नेकपा एमालेबाट उमाशंकर अरगरिया, नेपाली कम्युनिष्ट पार्टीका रामचन्द्र झा, नेपाली कांग्रेसका दिनेश प्रसाद परसैला यादव, जसपा नेपालका पशुपति यादव र राष्ट्रिय स्वतन्त्र पार्टीका रामविनोद यादव उम्मेदवार छन्। यी पाँचै उम्मेदवारबीच प्रतिस्पर्धा रहने आंकलन छ।

सो क्षेत्रमा नेपाली कांग्रेसको मजबूत संगठन छ भने रास्वपाको बालेन सेन्टिमेंटको लहर छ। रास्वपाले बालेनलाई प्रधानमन्त्री बनाउने गरेको घोषणाको असर सो क्षेत्रमा पनि परेको देखिन्छ । सो क्षेत्रका युवा र किसान तथा मजदूर वर्गका मतदाताहरु पुरानालाई परिवर्तन नयाँ अनुहार ल्याउनुपर्ने भनी रास्वपाको समर्थन गर्दैछन् ।

अधिकांश रास्वपातर्फ आकर्षित यस्तै एमाले पनि सांगठनिक रुपमा मजबूत छन भने २०७९ को चुनावको परिणामले पुष्टि गर्छ।

२०७९ मा कांग्रेसका यादवले १५७ मतको झिनो अन्तरले एमालेका उम्मेदवार अरगरियालाई पराजित गरेका थिए। यादव २० हजार ११२ मत ल्याएर निर्वाचित हुँदा निकटतम प्रतिद्वन्द्वी अरगरियाले १९ हजार ९५५ मत पाएका थिए।

तेस्रोमा तत्कालीन नेकपा एकीकृत समाजवादीका उम्मेदवार रामचन्द्र झा १३ हजार ६०५, जसपा नेपालका आनन्द यादव १२ हजार ९०१ र जनमतका जयनारायण साहले ९ हजार ९९२ मत ल्याएका थिए। यस पटक झा नेकपाबाट उम्मेदवार छन् ।

२०७४ मा अरगरियाले संघीय समाजवादी फोरमबाट ३२ हजार ४४ मत ल्याएर जित निकालेका थिए । दोस्रोमा तत्कालीन नेकपा माओवादी केन्द्रका रामचन्द्र झाले १८ हजार ७१५ मत पाएका थिए भने तेस्रोमा कांग्रेसका रामकृष्ण यादवले १५ हजार ४४२ मत पाएका थिए।

रामचन्द्र झा र अरगरिया पुराना प्रतिस्पर्धी हुन्। यद्यपि, यी दुई अनुहारले विगतमा दलबदल गर्ने गरेको देखिन्छ। २०७९ को चुनावको मुखमा अरगरिया जसपा छाडेर एमालेमा गई टिकट लिएर चुनाव लडेका थिए । कांग्रेसका उम्मेदवार प्रसैला दोस्रो संविधानसभामा तत्कालीन धनुषा-१ बाट प्रत्यक्ष जितेका थिए।

धनुषा-२ मा ७ पालिकाका ४४ वडा पर्छन् । कमला नगरपालिकाका ९, शहीदनगर नगरपालिकाका ९, जनकनन्दनी गाउँपालिकाका ६ र औरही गाउँपालिकाका ६ वटा वडा यस क्षेत्रमा पर्छन् ।

# एकढिक्का भएर मतदाताबीच जाऔं : सभापति थापा

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका सभापति गगन थापाले कार्यकर्ताहरुलाई अन्य दलमा नभई गाछी छापमै मत हाल्न लगाउने गरी मतदाताबीच जान निर्देशन दिएका छन् ।

कार्यकर्ता भेटघाटका लागि जनकपुरधाम आइपुगेका सभापति थापाले पार्टीप्रतिको तिक्तालाई अन्त्य गरी अब समुह, गुटउपगुटमा विभाजित नभई एकढिक्का भएर उम्मेदवारका बीच जान कार्यकर्तालाई निर्देशन दिएका छन् ।

शुक्रवार कांग्रेस प्रदेश कार्यालयमा कार्यकर्ताहरुसँगको भेटघाटमा उनले नयाँ पार्टीतिर तथा अन्य दलमा मत हाल्नबाट मतदातालाई रोक्न कार्यकर्ता समक्ष अनुरोध गरे ।

'तपाईंहरू नै हाम्रो सबैभन्दा ठूलो शक्ति हुनुहुन्छ । तल गाउँ-टोलमा गएर तपाईंहरूले बुझाउनुपर्छ । कोही नयाँ पार्टीतिर जान्छु भन्छ भने घरमै गएर कन्भिन्स गर्नुपर्छ । यो नयाँ सोचसहित आएको कांग्रेस हो, यसलाई भोट हाल्नुपर्छ भनेर,' उनले भने, 'कोही मधेशवादी पार्टीलाई भोट हाल्छु भन्छ भने पनि आजको दिनमा नेपालको सबैभन्दा ठूलो मधेशवादी पार्टी कांग्रेस हो भन्ने कुरा तपाईंहरूले भन्नुपर्छ ।'



> “रामपल्टन साह जितेर आउनुपर्छ, दिनेश परसेला यादव जितेर आउनुपर्छ, विमलेन्द्र निधि जितेर आउनुपर्छ र तपाईंहरुको क्षेत्रबाट महेन्द्र यादव जितेर आउनुपर्छ । तब मात्र त्यो लक्ष्य पूरा हुन्छ,”

यसअघि धनुषा क्षेत्र नम्बर ४ मा पुगेका सभापति थापाले पार्टीबाट उम्मेदवार बनेका महेन्द्र यादवका लागि मत माग्दै उनले कांग्रेसको एकल सरकार बन्नका लागि पनि मधेशबाट सबैले जित्नुपर्ने माहोल तयार पार्न कार्यकर्ताहरुलाई भने ।

'रामपल्टन साह जितेर आउनुपर्छ, दिनेश परसेला यादव जितेर आउनुपर्छ, विमलेन्द्र निधि जितेर आउनुपर्छ र तपाईंहरूको क्षेत्रबाट महेन्द्र यादव जितेर आउनुपर्छ। तब मात्र त्यो लक्ष्य पूरा हुन्छ,' उनले भने।

सभापति थापाले अहिलेको कांग्रेस हिजोको जस्तो नभएको भन्दै नयाँ सोच, नयाँ शैलीका साथ आएको दाबी गरे। 'पार्टीभित्र अब कुनै गुट छैन र रहँदैन । त्यसैले कुनै पनि साथीले कुनै कारणले उम्मेदवारप्रति मनमा कुरा राखेर काम नगर्नुहोला,' उनले भने, 'गाछी चिन्ह लिएर उम्मेदवार मैदानमा उत्रिसकेपछि व्यक्तिगत रुचि-अरुचिको अर्थ हुँदैन । छलफल पछि पनि गर्न सकिन्छ, सुधार पनि पछि गर्न सकिन्छ।'

साथै सभापति थापाले यो पटक सोचविचार गरेर देशभरका साथीहरूलाई उम्मेदवार बनाएको भन्दै भोलि कसैले 'अन्तरघात भयो' भन्ने कुरा सुन्न नपरोस् भन्नेमा आफू पूर्ण विश्वस्त रहेको बताए।

एक अर्को प्रसँगमा सभापति थापाले नेपालको सबैभन्दा ठुलो मधेसवादी पार्टी नै कांग्रेस भएको दाबी गरे। उनले भने, 'यदि कसैले मधेसवादीलाई भोट हाल्छु भन्छ भने आजको दिनमा नेपालको सबैभन्दा ठुलो मधेसवादी पार्टी नै नेपाली कांग्रेस हो भनेर भन्न सक्नुपर्छ ।' उनले चुनावमा राष्ट्रिय र स्थानीय मुद्दा भए पनि कांग्रेस समग्र मधेसको विकासको दृष्टिकोण लिएर जनतामाझ आएको बताए।

थापाले यो पटकको कांग्रेस फरक सोच र शैलीका साथ आएको भन्दै पार्टीभित्र कुनै गुटबन्दी नरहेको दाबी गरे। उनले पार्टीभित्र अब गुट नरहेको भन्दै कुनै पनि बहानामा उम्मेदवारलाई असहयोग नगर्न कार्यकर्तालाई सचेत गराए।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८